सर्वाधिक बिक्री हुने
# साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.



लभगुरू
रेखा थापा
पाठकहरूको समस्या समाधान गर्दैछिन्
पृष्ठ १४ मा

• वर्ष १२ • अंक २ • काठमाडौं, शुक्रबार, जेठ १२, २०६३ • SAPTAHIK • Nepali National Weekly • Friday, May 26, 2006 • पृष्ठ २४ • मूल्य रु. ८/-





तस्वीर : नवराज वाग्ले

# हे मिस्टर डिजे

■ सुव्रत आचार्य

काठमाडौं– रातको १२ बजिसक्यो । चर्को आवाजमा नाचूँ-नाचूँ लाग्ने संगीत चारैतिर बजिरहेको छ । क्याजुअल पहिरन लगाएका युवा-युवतीहरू त्यही तालमा नाचिरहेका छन् । असिन-पसिन भए पनि उनीहरू नयाँ धुन वा गीत बज्नेबित्तिकै फेरि कराउँदै नाच्न थाल्छन् । नाच्ने मानिसहरू फरक हुँदै गए पनि नजिकै हेडफोन लगाएर संगीत बजाउने मानिस भने एकपछि अर्को धुन बजाउन थाल्छ । खाँदै र पिउँदै मानिसहरू 'ह्याङ्ग आउट'को पूरै मज्जा लिइरहेका हुन्छन् । गीत बजाउने मानिस जसलाई डिस्कोजक्की वा छोटो रूपमा डिजे भनिन्छ, ऊ बेलाबखत नजिकैको माइकमा गएर केही रमाइला कुरा पनि गर्दै हुन्छ । सामान्यतया क्लबहरूमा देखिने यी दृश्यका नायक डिजेलाई मानिन्छ । डिजेइङ र डिजे, यी दुई शब्द अहिले युवापुस्तामा निकै लोकप्रिय छन् । केही वर्षअघि विश्वचर्चित गायिका म्याडोनाले गाएको गीत 'हे मिस्टर डिजे' नेपाली श्रोताहरूले पनि सुने र मन पराए । त्यति बेला डिजे भन्ने शब्द र त्यसको कामका बारेमा कमैलाई थाहा थियो, तर अहिले कतिपय संगीतमा क्यारियर बनाउन खोज्ने युवाहरूमध्ये गायक/गायिका, संगीतकार, रेकर्डिस्टका अतिरिक्त डिजे बन्छु भन्नेहरू पनि बढेका छन् ।

राजधानीमा दिनहुँजसो डान्सपार्टी आयोजित हुने गरेको पाइन्छ । केही क्लबमा हरेक साँझ डिजेहरूले संगीत घन्काइरहेका हुन्छन् । राति मात्र होइन, दिउँसो पनि डिस्को वा डान्स पार्टी आयोजित हुन्छन् । केही समयअघि एक जना युवक आफ्नो डिजे बन्ने रहरका बारेमा बताउँदै भन्दै थिए- 'डिजेइङ गर्न केही गाह्रो छैन । दुईवटा डिस्कमा चर्चित केही डान्सिङ नम्बरहरू एकपछि अर्को बजाउन जाने डिजे भैहालिन्छ ।' त्यति सजिलो कामबाट नाम र दाम कमाउन पाए त जो पनि डिजे बन्न सक्ने भए । साप्ताहिकले डिजेका बारेमा धेरै कुरा खोतल्न स्थापित केही डिजेहरूलाई केटु बार एन्ड स्टेग हाउसको गार्डेन रेस्टुराँमा लन्चका लागि निम्तो गरेको थियो ।

'आई डन्ट प्ले गेम्स, आई वन्ली प्ले म्युजिक,' -ठमेलस्थित केटुको गार्डेन रेस्टुराँमा प्रवेश गर्दा डिजे बीम्यानको टिसर्टमा लेखिएको उक्त शब्दमा पङ्क्तिकारको ध्यान गयो । ठमेलस्थित नेपा म्युजिकका सञ्चालक विरुमानलाई संगीतको नसा सानैदेखि लागेको थियो । 'मलाई संगीतमा विभिन्न मिश्रण गरेर खेल्न मन लाग्छ,' -आफू सन् २००५ देखि डिजे बीम्यान भएको विरुमानले बताए । यहाँ दस वर्षअघिसम्म डिस्को जानु वा डान्सपार्टीमा गएर नाच्नुलाई राम्रो मानिँदैनथ्यो । तर अहिले डिस्को वा डान्सपार्टीमा नाच्नु सामान्य मानिन्छ । डिस्को वा डान्सपार्टीको आत्मा त्यहाँ संगीत सञ्चालन गर्ने डिस्को जक्की अर्थात् डिजेलाई मानिन्छ ।

प्रसंग उठ्यो- तपाईंहरूमध्ये सबैभन्दा पुरानो डिजे को हो ? उपस्थित सबै डिजेको आँखा डिजे तेन्जिङतर्फ गयो । सामान्यतया कतै क्यासेट, सिडी वा ग्रामोफोन बजाएर नाचे पनि नेपालमा व्यावसायिक रूपमा डिजेइङ गरी नचाउने काम ठमेलको 'जोलिज' बाट भएको रहेछ । त्यतिबेला 'जोलिज'मा सहायक भै काम गरेका तेन्जिङ अहिले हायात् होटलको रक्स बारमा डिजे राजुसँगै डिजेइङ गर्छन् । अहिले गो-गो बार भनेर चिनिने त्यतिबेलाको 'जोलिज'मा डिजेइङ गर्न डिजे मेसिन थिएन । तेन्जिङ भन्दै थिए- 'सिडी प्लेयरबाट गीत बजाउनुपर्थ्यो ।' मनसुन डिस्को आरम्भ भएपछि त्यतिबेला त्यहाँ डिजे बोटाले डिजेइङ गर्थे । त्यहाँ नेपालकी पहिलो महिला डिजे पनि थिइन्- डिजे गायत्री । डिजे राजु पनि पुराना स्थानहरूको सम्झना गर्दै भन्दै थिए– 'लाजिम्पाटमा हाल होटल ग्याङ्जोङ भएको स्थानमा त्यतिबेला कपल फ्लोर भन्ने डिस्को थियो ।'

बाँकी पृष्ठ ६ मा



मध्यपृष्ठमा

मोडलिङमा प्रवेश गरेको एक वर्षभित्रै उनले केही फेसन सोमा क्याटवाक गर्नुका साथै एउटा आइसक्रिमको विज्ञापनमा पनि काम गरिसकेकी छिन् ।
अरूको कुरा काट्ने तथा डाहा गर्ने मान्छे उनलाई मन नपरे पनि समझदार तथा सहयोगी पुरुषहरू सजिलै उनका साथी बन्न सक्छन् । प्रीतिको विचारमा सेक्स एउटा 'फिलिङ्स' हो ।

## साइबर समाचार

### चीनका नेट डोमेनहरू

चीनमा इन्टरनेटको प्रयोग बढ्दो छ। थप नागरिकको इन्टरनेटमा पहुँच बनाउन चीनले आफ्नो नेट डोमेन बनाउने भएको छ। चिनियाँ भाषाको नेट डोमेन प्रयोग गरी चीनले अङ्ग्रेजी नबुझ्ने आफ्ना नागरिकसम्म अनलाइन सेवा प्रवाह गर्ने लक्ष्य राखेको छ। साथै चीन थप नेट डोमेन रजिस्टर गर्न चिनियाँ नागरिकलाई प्रोत्साहित गर्न जुटेको छ। चीनमा ११ करोड मानिस अनलाइनमा रहने गर्छन् र विश्वमा नेट प्रयोगकर्ताको दोस्रो ठूलो देश चीन हो। चीनले चिनियाँ लिपिमा लेखिएको नेट डोमेन प्रयोग गर्न सम्भव गराउने प्रणालीको विकाससमेत गरिसकेको छ। चीनले तीन किसीमका डोमेन तयार पारेको छ। डटकमलाई गोङ्सी (gongsi) डटनेटलाई वाङ्लु (wagnluo) तथा चाइनालाई झोङ्गुओ (zhongguo) मा अनुवाद गर्न सकिने प्रणाली चीनले विकास गरेको छ।

### आईबीएममा लिनक्स

आईबीएम कम्पनीले आफ्ना कामदारहरूलाई ओपन सोर्स अपरेटिङ सिस्टम लिनक्स डेस्कटप प्रयोग गर्न प्रोत्साहित गरेको छ, तर माइक्रोसफ्ट कम्पनीको विन्डोजको प्रयोगलाई निरुत्साहित गर्न नखोजिएको आइबीएमले स्पष्ट पारेको छ। आईबीएमका ३ लाख २९ हजार कामदारमा करिब पाँच प्रतिशत मात्र लिनक्सका प्रयोगकर्ता छन्। सफ्टवेयर डेभलप, डिजाइन गर्न, सफ्टवेयर र हार्डवेयर कन्फिगर गर्ने तथा कार्य प्रकृतिले गर्दा लिनक्स प्रयोग गर्नुपर्ने जनशक्तिले मात्र ओपन सोर्स अपरेटिङ सिस्टम प्रयोग गर्ने जानकारी आईबीएमका प्रवक्ता नान्सी केपलनले दिएका छन्। आइबीएमले रेडह्याट इन्टरप्राइजेजको लिनक्सलाई विशिष्टीकरण गरी प्रयोग थालेको छ।

### फ्युल सेल र सौर्य ऊर्जाले ल्यापटप चल्ने

जर्मनीको हानोवरमा सम्पन्न पछिल्लो सूचना-प्रविधि मेलामा ल्यापटपलाई ऊर्जा उपलब्ध गराउने दुई नयाँ विधि सार्वजनिक गरिएको छ। नयाँ प्रविधि ल्याउने दुवै कम्पनी ताइवानका हुन्। एनटिग कम्पनीले ल्यापटप चलाउन फ्युल सेल र माइक्रोस्टार इन्टरनेशनल (एमएसआई) ले सौर्य ऊर्जाको प्रयोग गरेका छन्। एनटिगले सन् २००७ सम्ममा फ्युल सेलको व्यावसायिक उत्पादन गर्ने जनाएको छ। पहिलो संस्करणमा आउने मेथनोल प्रयोग गरिएको फ्युल सेलबाट ल्यापटपलाई नौ घण्टासम्म ऊर्जा दिन सकिने दावी उक्त कम्पनीको छ। परम्परागत रूपमा लिथियम आयन ब्याट्रीको प्रयोग ल्यापटप चलाउनका लागि गरिँदै आएको छ। लिथियम आयन ब्याट्रीमा विद्युत्लाई सञ्चित गरिएको हुन्छ। उक्त ब्याट्रीको आयु पनि धेरै हुँदैन, फ्युल सेलमा विद्युत् सञ्चित नगरी इलेक्ट्रोकेमिकल प्रक्रियाद्वारा मेथानोललाई विघटन गरी विद्युत् सिर्जना गरिन्छ। मेथनोल पुनः हालेर फ्युल सेललाई रिचार्ज गर्न मिल्छ। त्यस्तै माइक्रोस्टार इन्टरनेसनलले नोटबुक कम्प्युटर र एमपी-३ प्लेयरलाई, यन्त्रमा नै जडित सौर्य प्यानलबाट रिचार्ज गरी ब्याट्रीको आयु बढाएर लामो समय सञ्चालन गर्न सकिने प्रविधिको विकास गरेको छ। मदरबोर्ड तथा ग्राफिक कार्ड बनाउने उक्त कम्पनीले ब्याट्रीको आयु लम्ब्याउन आफूले विकास गरेको विधि अहिले परीक्षणका क्रममा रहेको जनाएको छ।

### गोबरग्याँसबाट कम्प्युटर

विद्युत् सुविधा पुग्न नसकेका ग्रामीण क्षेत्रमा गोबरग्याँस प्रविधिबाट निस्कने ग्याँसलाई जेनेरटरमार्फत विद्युत् शक्तिमा परिवर्तन गरी अब कम्प्युटरलगायत अन्य विद्युतीय उपकरण पनि चलाउन सकिने भएको छ। इन्जिनियरिङ संस्थान पुल्चोकका तीन विद्यार्थीले ६ घनमिटर क्षमताको बायोग्याँस प्लान्टबाट निस्केको ग्याँसलाई जेनेरेटरबाट विद्युत् शक्तिमा परिवर्तन गरेका छन्। सो प्लान्टबाट दैनिक करिब २ सय वाट बराबरको विद्युत् उत्पादन गर्न सकिने र त्यसबाट ४ वटा ल्यापटप कम्प्युटर सञ्चालन गर्न सकिने बताइन्छ।

# नेपाली संगीतमा मिडी सिंगरको प्रवेश

**साप्ताहिक समाचार**

काठमाडौं– यसै वर्ष कम्प्युटर इन्जिनियरिङ गरेका सानो पोखरा, हेटौंडाका सागर सापकोटाले नेपाली सांगीतिक क्षेत्रलाई फाइदा पुग्ने एउटा सफ्टवेयरको विकास गरेका छन्। कान्तिपुर इन्जिनियरिङ कलेजका यी विद्यार्थीले विकास गरेको उक्त सफ्टवेयरलाई 'मिडी' को प्रयोगको रूपमा चिन्न सकिन्छ जसलाई उनले 'मिडी सिंगर' नाम राखेका छन्। म्युजिकल ईन्स्ट्रुमेन्ट्स डिजिटल इन्टरफेसको छोटो रूप नै मिडी हो।

वास्तवमा मिडीको आविष्कार सन् १९८० को दशकमा गरिएको हो। अमेरिकी संगीतकर्मी रोजर लिन तथा इन्जिनियर डेभ स्मिथले संगीतको विश्वव्यापी भाषाका रूपमा मिडी प्रविधिको विकास गरेका थिए। नेपालमा पनि त्यस्तै प्रविधि विकास गर्न मिडी सिंगर शीर्षकको सफ्टवेयर आफूले आविष्कार गरेको २३ वर्षीय इन्जिनियर सापकोटा बताउँछन्।

सापकोटाका अनुसार नेपाली वाद्ययन्त्रलाई विश्वमाझ चिनाउन र त्यसको प्रयोगलाई विश्वव्यापी गर्न सांगीतिक तथा प्राविधिक भाषा बोल्न जान्नेहरूको खाँचो भैरहेको कुरालाई दृष्टिगत गर्दै त्यही भाषिक कमीलाई हटाउन तथा नेपाली संगीतको बजार विस्तार गर्ने उद्देश्यले करिब तीन वर्षको मेहनतपछि मिडी सिंगर सफ्टवेयर तयार पारिएको हो।

'मिडी' के हो त ? इन्जिनियर सापकोटा भन्छन्– 'मिडी अन्य भाषासरह एउटा सांगीतिक भाषा हो। यो भाषा कम्प्युटर तथा मिडी भाषा प्रयोग गर्ने वाद्यवादनबीच आदान-प्रदान हुन्छ। कम्प्युटरले ती भाषालाई आफ्नो मेमोरीमा राख्न सक्छ र प्रयोगकर्तालाई ती संगीतको कुनै पनि कुरामा परिवर्तन ल्याउन सक्ने सुविधा प्रदान गर्छ। प्रयोगकर्ताले चाहेको बेलामा संगीतको गति र सप्तकलाई बदल्न सक्छन्। मिडी संगीतमा हरेक बाजा छुट्टाछुट्टै तहमा रहने हुनाले प्रयोगकर्ताले आफूले चाहेको बाजा मात्र पनि सुन्न सक्छन् भने एउटै संगीतलाई १ सय २८ वटा फरक-फरक बाजामा पनि सुन्न सक्छन्।'

त्यसो त बजारमा मिडी प्रविधिलाई समेट्ने सफ्टवेयरहरू पनि पाइन्छन्, तर त्यसका प्रयोगकर्ताहरू मिडीपछाडिको विज्ञान र अर्थबाट अनभिज्ञ छन्। इन्जिनियरिङ अध्ययनमा यसको विशेष स्थान छ, तर नेपाली इन्जिनियरिङ कलेजमा यसलाई प्रयोगात्मक रूपले नहेरिने इन्जिनियर सापकोटाको तर्क छ। सापकोटा भन्छन्– 'मिडीमा काम गर्न संगीतको विशेष ज्ञान आवश्यक छ।' मिडीलाई संगीत क्षेत्रमा लागेका केही मानिसले त संगीत संयोजनमा पनि प्रयोग गरेका छन्। तर सापकोटाका अनुसार उनीहरू यसका सबै गुणको जानकारी राख्दैनन्।

मिडी सिंगरको विकास गर्ने इन्जिनियर सापकोटाका अनुसार नेपालका थुप्रै संगीतकर्मीलाई संगीतमा प्रयोग हुने शब्दावलीको कमजोर ज्ञान छ। त्यसैले नेपाली संगीतकर्मीहरू संगीतको प्राविधिक ज्ञानको कमीले गर्दा विदेशी बजारमा आफ्नो संगीतको उचित मोल तोक्न सकिरहेका छैनन् र नेपाली संगीतको बजारलाई बढाउन सकिरहेका छैनन्। नेपाली धुनहरू विदेशमा त्यस बेला मात्र बजाइन्छ, जब ती सजिलै पढ्न सकिने म्युजिक नोटेसनका रूपमा संगीतकर्मीको हातमा पर्छ। नेपाली धुन तथा संगीत विश्वका हरेक देशमा सजिलै पुर्याउने माध्यम नै मिडी भएको उनको तर्क छ। सापकोटाको मिडी सिंगरकै प्रयोगबाट एक दर्जन नेपाली तथा अंग्रेजी गीत रेकर्ड भैसकेका छन्।

यो प्रविधिलाई नजिकबाट नियालिरहेका संगीतकार राजु सिंह भन्छन्– 'समय बित्दै जाँदा हामी संगीतकारहरू धेरै प्रयोग नगरिने कर्डहरू बिर्सदै जान्छौं, सयौं कर्ड स्मरण गर्न सम्भव पनि छैन। तर इन्जिनियर सापकोटाको मिडी सिंगरले हामीलाई बिर्सिएका कर्डहरू स्मरण गर्न सहयोग पुर्याउँछ। म आफूलाई पनि अहिले सुरक्षित महसुस गरिरहेको छु, किनभने मिडी सिंगरको प्रयोगबाट म संगीतमा प्रयोग गरिने हरेक कर्डमा काम गर्न सक्छु।'

## स्वास्थ्य समाचार

### शारीरिक व्यायाम

६० वर्ष उमेर नाघेका मानिसले आफूलाई तन्दुरुस्त राख्नका लागि धेरै शारीरिक क्रियाकलाप र व्यायाम आवश्यक पर्ने कुरा हालै प्रकाशित एक अध्ययन प्रतिवेदनले देखाएको छ। उमेर ढल्किएपछि शारीरिक परिश्रम गर्ने बानी हट्ने गरेको पाइन्छ, तर त्यसले स्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने वैज्ञानिकहरूको राय छ। जीवनशैलीमा देखा परेको परिवर्तनले जनस्वास्थ्यमा प्रतिकुल असर पारेको छ। अल्छीपना र सुविधाजनक जीवनशैली अगाल्ने बढ्दो प्रवृत्तिसँगै मानिस कम उमेरमै रोगी हुने प्रतिवेदनमा उल्लेख छ। सियटलस्थित वासिंगटन विश्वविद्यालयका प्राध्यापक वेन सी लेभीको नेतृत्वमा गरिएको अनुसन्धानअनुसार, प्रत्येक मांसपेशी तथा रक्तकोषिकामा अक्सिजनको मात्रा पुर्याउन र आफूलाई फुर्तिलो राख्न शारीरिक व्यायाम लाभदायक हुन्छ। युवालाई मात्र नभै वृद्धवृद्धालाई पनि अक्सिजन उत्तिकै आवश्यक पर्ने र त्यसको आपूर्ति गर्ने सबैभन्दा उत्तम उपाय नै शारीरिक व्यायाम हो। शारीरिक परिश्रमले मुटुलाई स्वस्थ बनाउँछ। प्रतिवेदनमा मानिस जति बूढो हुँदै जान्छ, उसलाई शारीरिक परिश्रमको आवश्यकता पर्ने जनाइएको छ। यसो भएमा मात्रै मानिस उमेरले बूढो भए पनि उसको जोस युवाको भन्दा कम हुँदैन, तर यसका लागि शारीरिक व्यायामलाई भने निरन्तरता दिनैपर्छ।

## घरेलु प्रविधि

### पुक्सिन बायोग्याँस

बायोग्याँसका लागि अब पूर्ण रूपमा गोबरको प्रयोग गर्नु पर्दैन। चीनको सेन्जेन पुक्सिन साइन्स एन्ड टेक्नोलोजी कम्पनीले २० प्रतिशत गोबर भए पुग्ने गोबरग्याँस प्रविधि प्रयोगमा ल्याएको छ। त्यसमा ८० प्रतिशत हरियो घाँस, झारपात, पराल, स्याउला आदि जैविक वस्तु राख्न सकिन्छ। नेपालमा बायोग्याँसका रूपमा गोबरग्याँस नै बढी प्रयोग हुन्छ। ग्रामीण क्षेत्रमा पाइने कृषिजन्य फोहोरबाट पनि अब ग्याँस उत्पादन गर्न सकिने भएकाले यो प्रविधि हाम्रो गाउँघरका लागि निकै उपयुक्त हुनेछ। उक्त प्रविधिको अर्को फाइदा भनेको प्लान्टलाई पटक-पटक सफा गरिरहनुपर्दैन।



सर्वसाधारणले थोरै लगानीमा प्रयोग गर्न सक्ने पुक्सिन प्रविधि पूर्ण रूपमा गोबर मात्र प्रयोग हुने ग्याँसको तुलनामा भरपर्दो र प्रभावकारी मानिएको छ। गोबर ग्याँसका लागि निर्माण गरिने परम्परागत डोम प्लान्टभन्दा फरक कङ्क्रिट ढलान गरी बनाइने पुक्सिन प्लान्टमा ग्याँस चुहावट हुने समस्या पनि निकै कम हुन्छ। प्लान्टको क्षमताअनुसार सजिलैसँग बत्ती बाल्न, खाना पकाउन, पानी उमाल्न तथा राइस कुकरमा भात पकाउन सकिन्छ। यसमा गोबर ग्याँसको प्लान्टमा जस्तो प्रत्येक दिन गोबर राख्नुपर्दैन। एक दिन गोबर राखेपछि अन्य दिन हरियो तथा सुकेको जैविक वस्तु राख्दा हुन्छ। ६ देखि ८ महिनासम्म लगातार ग्याँस उत्पादन गर्ने उक्त प्लान्टबाट ग्याँस आउन कम भएपछि प्लान्ट सफा गरी नयाँ घाँस हाल्नुपर्छ। ३० हजार रुपैयाँ लगानीमा सजिलैसँग जडान गर्न सकिने यो प्रविधिको आयु झन्डै ३० वर्ष रहेको बताइन्छ।

# ब्रह्माण्डको रहस्य खोतल्ने टेलिस्कोप



मेक्सिकोका अनुसन्धानकर्ताहरूले संसारकै सबैभन्दा शक्तिशाली टेलिस्कोप निर्माण गरेका छन्। टेलिस्कोप मेक्सिकोको पेब्ला राज्यमा रहेको एउटा ज्वालामुखी पर्वत सिएरा नेग्रामा स्थापना गरिएको छ। विश्वकै सबैभन्दा ठूलो उक्त टेलिस्कोपको निर्माणपछि खगोलशास्त्रीहरूलाई १३ अर्ब वर्ष पुरानो ब्रह्माण्डको सृष्टिबारे नयाँ रहस्य खोतल्न मार्ग प्रशस्त गर्नेछ। 'लार्ज मिलिमिटर टेलिस्कोप' नाम दिइएको उक्त टेलिस्कोपको एन्टेना १ सय ६५ फिट अग्लो छ। उक्त टेलिस्कोपको निर्माण लागत झन्डै १२ करोड अमेरिकी डलर रहेको छ। बादलको सतहभन्दामाथि बसेर निर्माण गरिएको उक्त टेलिस्कोपले झन्डै १३ अर्ब वर्षदेखि अन्तरिक्षमा घुमिरहेको एक मिलिमिटरभन्दा कम लम्बाइ रहेको रेडियो वेभ (तरंग) लाई आफ्नो कब्जामा लिनेछ। यसरी संकलन गरिएका सँचनाका आधारमा खगोलशास्त्रीहरूले तारा र आकाशगंगाको विस्तृत नक्सा तयार गर्नेछन्। 'विश्वकै पहिलो यस स्तरको टेलिस्कोपको सहायताले आकाशगंगाको संरचना कसरी बन्यो भन्नेबारे नयाँ ज्ञान प्राप्त हुनेछ,' मेक्सिकोको नेसनल एस्ट्रोफिजिक्स अप्टिक्स एन्ड इलेक्ट्रोनिक इन्स्टिच्युटका परियोजना वैज्ञानिक डेविड हग्सले बताए।


Private
TEST - SLC को ९ र १०
भर्ना खुल्यो
BUDDHA ACADEMY

संगीत

ब्रिटिस आर्मी, सिङ्गापुर पुलिस
तयारी कक्षाहरू धमाधम हुँदैछ।

Physical & Education
गतसाल १००% सफलता
Abroad Institute
☎: 4-253426 पुतलीसडक, कुमारी बैंक छेउ

SLC/+2 फेल No चिन्ता
प्राइभेट SLC
Himalayan Open School
Old Baneshwor, ☎ 4476685

प्राईभेट SLC टेष्ट २०६३
१००% ग्यारेन्टीका साथ नि:शुल्क भर्ना
✦ SLC, Test वा कक्षा ९ मा फेल भएर निराश भएका र कक्षा ८ वा ९ पास गरी स्कूल जान नसकेका साथै स्कूल जाने उमेर नाघेका र जागिर गर्दै पढ्न चाहनेहरुका लागि
✦ माध्यमः नेपाली/अंग्रेजी दुवै ✦ कक्षा समयः बिहान, दिउसो र बेलुकी ✦ दक्ष एवं अनुभवी शिक्षक/शिक्षिकाद्वारा पढाइन्छ र कमजोरका लागि विशेष व्यवस्था छ। ✦साथै होस्टेलको राम्रो व्यवस्था छ।
✦ गत वर्ष ३ जना First Division सहित शतप्रतिशत पास।

Prabesh Rai (68%)

Suren Shrestha (66%)
फोटो उपलब्ध नभएको
Sangita Khadka (63%)
तपाई पनि आजै भर्ना भई ढुक्क हुनुहोस्।
सम्पर्क: SAMJHANA ACADEMY
अद्वैत मार्ग, महेन्द्र पुलिस क्लब ठीक पछाडी
फोन: ०१-४२४६३९७

# आकर्षण 'ए' लेभलमा

**विदुर खतिवडा**

काठमाडौं– एसएलसी परीक्षा सकिएको केही दिनपछिदेखि नै सहरका केही विद्यालयका विद्यार्थी 'ए' लेभल कोर्सका बारेमा बुझ्न थालिसकेका हुन्छन् । एसएलसीको परिणाम आउन अझै एक महिना बाँकी रहँदा 'ए' लेभल अध्यापन गराउने कलेजहरूले आवेदन फारम खोल्नेदेखि लिएर प्रवेश परीक्षासम्मको यात्रा पनि तय गरिसकेका छन् । केहीले प्रवेश परीक्षा लिइसकेका छन् भने केहीले एसएलसीको परिणाम आएपछि मात्र प्रवेश परीक्षा लिनेछन् । प्रवीणता प्रमाणपत्र तह, प्लस टुपछि उच्च शिक्षाको बाटोमा अहिले 'ए लेभल'प्रतिको आकर्षण बढेको यसले पुष्टि गर्छ ।



नेपालमा करिब डेढ दर्जन कलेजले बेलायतको क्याम्ब्रिज विश्वविद्यालयअन्तर्गत क्याम्ब्रिज इन्टरनेसनल एक्जामिनेसन्सद्वारा सञ्चालित जनरल सर्टिफिकेट अफ एजुकेसन (जीसीई) अर्थात् 'ए' लेभल पाठ्यक्रम अध्यापन गराउँदै आएका छन् । 'पछिल्ला वर्षहरूमा विदेशी शिक्षाकै लागि विशेष रूपले चासो राख्ने विद्यार्थीहरूका लागि 'ए' लेभल केन्द्रविन्दु बनेको छ,' साप्ताहिकसँग कुराकानी गर्दै चेल्सी इन्टरनेसनल एकेडेमी, नयाँ बानेश्वरका सुधीरकुमार झाले भने– 'सीमित वर्गको चासो रहँदै आएको 'ए' लेभलमा क्रमशः मध्यमवर्गीय परिवार पनि पुग्न थालेको छ ।'

एसएलसीपछि उच्च शिक्षाको अध्ययनका लागि बिदेसिने विद्यार्थीहरूलाई लक्षित गरेर विदेशी विश्वविद्यालयको सम्बन्धनमा रहेको 'ए' लेभलको अध्यापन सुरु भएको झा बताउँछन् । क्याम्ब्रिजको सम्बन्धनमा विश्वका १ सय ६३ राष्ट्रमा 'ए' लेभलको अध्यापन हुने गरेको छ । 'विद्यार्थीले राम्रो नतिजा ल्याए विदेश जाने ढोका आफैं खुल्छ,' लुम्बिनी इन्टरनेसनल कलेजका प्रिन्सिपल रोविन क्षेत्री भन्छन्– 'प्रतिष्ठित क्याम्ब्रिज विश्वविद्यालयको कार्यक्रम भएकाले पनि राम्रा विद्यार्थी 'ए' लेभलको अध्ययन गर्न रुचाउँछन् ।'

**आखिर के हो त 'ए' लेभल ?**

एड्भान्स लेभल अर्थात् 'ए' लेभल बेलायतको युनिभर्सिटी अफ क्याम्ब्रिज लोकल एक्जामिनेसन्स सिन्डिकेटको एउटा अंगका रूपमा रहेको क्याम्ब्रिज इन्टरनेसनल एक्जामिनेसन बोर्ड (सीआईई) बाट सञ्चालित पाठ्यक्रम हो । आधा शताब्दी लामो यात्रा तय गरिसकेको यो कोर्सलाई नेपाल सरकारले प्रवीणता प्रमाणपत्रसरह मान्यता दिएको छ । 'ए' लेभलको पाठ्यक्रम बनाउनेदेखि लिएर परीक्षा सञ्चालनसम्म सीआईईअन्तर्गत नै हुन्छ । परीक्षा सञ्चालनका लागि नेपालमा रहेको ब्रिटिस काउन्सिलले सम्पूर्ण रूपमा जिम्मेवारी लिएको हुन्छ ।

'ए' लेभल अध्ययनका सकारात्मक पक्ष प्रशस्तै छन् । कोर्स दुई वर्षको भनेर निर्धारण गरिएको भए पनि राम्रो तयारी गरेका विद्यार्थीले निर्धारित समयभन्दा अगावै कोर्स पूरा गर्न सक्छन् । यसबाहेक कुनै विषयमा राम्रो ग्रेड नआए त्यो विषयमा फेरि परीक्षा दिन पाइन्छ । बूढानीलकण्ठ उच्च मा.वि.का प्रिन्सिपल एनपी शर्माका अनुसार हरेक दुई-तीन वर्षमा पाठ्यक्रम परिमार्जित हुनु 'ए' लेभलको अर्को विशेषता हो । परीक्षा प्रणाली पनि छिटो-छरितो एवं व्यावहारिक छ । 'ए' लेभलमा बढी विषय छनौट गर्ने अवसर रहन्छ । पहिलो वर्षको कोर्स एड्भान्स सब्सिडरी लेभल र दोस्रो वर्ष 'ए टु' गरी दुई भागमा पाठ्यक्रम विभाजन गरिएको हुन्छ । 'ए' लेभलमा चारवटा विषय अध्ययन गर्नुपर्नेमा जनरल पेपरका रूपमा अंग्रेजी विषयबाहेक अन्य विद्यार्थी आफैंले मन परेको विषय छनौट गर्न पाउनेछन् । निश्चित पाठ्यक्रममा विद्यार्थीले कति पढ्यो भन्ने भन्दा पनि उसले कति बुझ्यो भन्ने कुरामा रहेर परीक्षा सञ्चालन हुने भएकाले विद्यार्थीले गहन अध्ययन गर्नु आवश्यक छ ।

'ए' लेभलमा विज्ञान, व्यवस्थापन तथा मानविकी संकायका विषयहरू नै हुन्छन्, तर विद्यार्थीको रुचि छ भने विज्ञानमा पनि व्यवस्थापनको कुनै विषय अध्ययन गर्न सकिन्छ । 'ए' लेभल पढेको मान्छेले पछि के पढ्ने ? नोबल एकेडेमी पोखराका कार्यकारी प्रमुख विश्वेश्वर आचार्यका अनुसार– यो आधारभूत कोर्स हो, विद्यार्थीले आफ्नो भविष्य जता देख्छ, त्यही कोर्सतर्फ अघि बढ्न सक्छ ।

यो प्रणालीअन्तर्गत एउटै विषयमा सातवटासम्म परीक्षा दिनुपर्ने हुन्छ, झा भन्छन्- 'ग्रेडिङ प्रणालीबाट यसको मूल्याङ्कन हुन्छ, विद्यार्थीले कुनै पेपरमा सामान्य राम्रो र कुनैमा अत्यन्त राम्रो गरेको छ भने एभरेजका आधारमा उसलाई ग्रेडिङ दिइन्छ । ग्रेडिङमा क्रमशः ए, बी, सी, डी, ई-सम्मको र्याङ्किङ हुन्छ, हरेक विषयमा 'ए' ग्रेड ल्याउन सक्नु विद्यार्थीको उच्च सफलता हो भने 'ई' ग्रेड तल्लो तह हो । 'यदि विद्यार्थीले 'ई' ग्रेड पायो भने सम्झनुपर्छ, ऊ परीक्षामा अनुत्तीर्ण भयो,' झाले भने- 'चित्तबुझ्दो ग्रेडिङ नआए विद्यार्थीले पुनः परीक्षा दिन सक्छन् । प्रश्नपत्र ४० प्रतिशत वस्तुगत र अन्य छोटो तथा लामो उत्तर लेख्ने हुन्छन् । परीक्षा वर्षको दुईपटक मे-जून तथा अक्टोबर-नोभेम्बरमा हुन्छ । क्याम्ब्रिजले बूढानीलकण्ठ, रातो बंगला र ब्रिटिस स्कुललाई स्वतन्त्र संस्थाको मान्यता दिएको छ भने अन्य कलेजले ब्रिटिस काउन्सिलअन्तर्गत रहेर परीक्षा दिनुपर्ने हुन्छ । परीक्षाका लागि प्रश्नपत्र तयार गर्नेदेखि लिएर जाँच गर्नेसम्म सबै काम क्याम्ब्रिज विश्वविद्यालयले नै गर्छ ।

ए लेभलमा विद्यार्थीहरू विज्ञानमा फिजिक्स, बायोलोजी, केमेस्ट्री, गणित, कम्प्युटर साइन्स, इनभाइरोमेन्ट साइन्स आदि विषय अध्ययन गर्छन् भने व्यवस्थापनमा अर्थशास्त्र, कम्प्युटिङ म्यानेजमेन्ट, अफिस म्यानेजमेन्ट, एकाउन्टेन्सी, फाइनान्स आदि विषयमा जान सक्छन् । त्यस्तै लिभरल आर्ट्स, सोसियोलोजी, फिलोसोफी विषय विषय मानविकी संकायअन्तर्गत पर्छन् । रोचक कुरा के हो भने, विद्यार्थीले विज्ञानमा अन्य संकायका विषय पनि अध्ययन गर्न सक्छन् ।

**नेपालमा 'ए' लेभल**

सन् १९८५ मा पहिलो पटक क्याम्ब्रिजकै 'ओ' लेभल अर्थात् एसएलसी बराबरको पाठ्यक्रमको अध्यापन सुरु गरेको थियो । त्यसको दुई वर्षपछि हामीले नै 'ए' लेभल पनि सुरु गर्यौं, बूढानीलकण्ठका प्रिन्सिपल शर्माले बताए । तर अहिले 'ओ' लेभल हटाइएको छ, एसएलसी स्तरसम्मको शिक्षा नेपालकै हुनुपर्ने मान्यताअनुसार 'ओ' लेभल खारेज भएको हो । 'ओ' लेभल हटे पनि विदेशबाट एसएलसी स्तरको परीक्षामा सहभागी हुन आउने विद्यार्थीहरूका लागि अर्को व्यवस्था गर्न सरकारलाई दबाब दिएको काठमाडौं झ्याली स्कुलकी बबिता लाभ बताउँछिन् । उनका अनुसार हाल त्यस्ता विद्यार्थीका लागि एसएलसीमा जनरल पेपरका रूपमा अंग्रेजी राखिएको छ । ओ लेभल खारेज भएपछि नेपाली विद्यार्थीहरू बिदेसिन थालेका छन्, छिमेकी मुलुक भारतका सीमावर्ती सहरमा त्यस्ता विद्यार्थीको संख्या उल्लेख्य छ, झा भन्छन्- 'ओ लेभलका विद्यार्थीको परीक्षा नोभेम्बरमा हुने भएकाले पुस-माघमा पनि 'ए' लेभलको भर्ना खोल्ने गरिएको छ । 'ए' लेभलको वैधानिक प्रारम्भ बूढानीलकण्ठ स्कुलबाट भए पनि यसलाई ट्युसन तथा इन्स्टिच्युटका रूपमा राजधानीका विभिन्न स्थानमा अध्यापन गराउने सेन्टरहरू पनि त्यस बेला खुलेका थिए ।

अहिले 'ए' लेभलका लागि आवश्यक पूर्वाधार तयार गरेर ब्रिटिस काउन्सिलमा निवेदन दिनुपर्ने व्यवस्था छ, जसका आधारमा ब्रिटिस काउन्सिल र सीआईका पर्यवेक्षकहरू निरीक्षण गरेर क्याम्ब्रिजको पिन कोड प्रदान गर्छन्, तर पिन कोड प्राप्त गर्ने कलेजले नेपाल सरकारले ०५९ मा लागू गरेको उच्च शिक्षा सञ्चालन निर्देशिकाबमोजिम शिक्षा मन्त्रालय उच्च तथा प्राविधिक शिक्षा शाखाबाट अनिवार्य रूपमा अनुमति लिनुपर्ने प्रावधान छ । 'निर्देशिकाले निर्धारण गरेको मापदण्डअनुरूप अन्तर्राष्ट्रिय स्तरको पूर्वाधार छ-छैन, मन्त्रालयले पनि अनुगमन गर्छ,' मन्त्रालयका प्रवक्ता तथा शाखा संयोजक लवप्रसाद त्रिपाठी भन्छन्, 'मन्त्रालयअन्तर्गत शिक्षामन्त्रीको अध्यक्षतामा रहेको उच्चस्तरीय मूल्याङ्कन तथा अनुगमन समितिले निरीक्षण गरेर मन्त्रालयबाट निर्णय भएपछि मात्र कलेजले वैधानिक रूपमा सम्बन्धन पाएको ठहर्छ ।' उनले भने- 'हामीले पर्याप्त पूर्वाधार देखेनौं भने अहिले सञ्चालन भैरहेका कलेजलाई पनि खारेज गर्न सक्छौं । सन् २००० मा पहिलो पटक मन्त्रालयले मल्पी, लुम्बिनी, रातो बंगला, नागार्जुनलाई 'ए' लेभल सञ्चालन गर्न अनुमति दिएको थियो । त्यसयता आएर अहिले 'ए' लेभल सञ्चालनका लागि माग गर्नेहरूको संख्या पनि उल्लेख्य बढेको त्रिपाठीले बताए ।

'ए' लेभल सञ्चालन गर्न उच्चस्तरीय मूल्याङ्कन तथा अनुगमन समीतिको सिफारिसमा ४ लाख रुपैयाँ धरौटी कलेजका नाममा राख्नुपर्ने र पहिलो वर्ष वार्षिक दस्तुर १ लाख रुपैयाँ बुझाउनुपर्ने प्रावधान छ । दोस्रो वर्षदेखि नवीकरण शुल्कबापत कलेजले प्रतिविद्यार्थी ५ सय रुपैयाँ जम्मा गर्नुपर्छ, जसको ५० प्रतिशत राजस्व र ५० प्रतिशत समितिमा जान्छ । मन्त्रालय र काउन्सिलले क्याम्ब्रिजले तोकेबमोजिमको कलेजको पूर्वाधर छ-छैन भनेर वर्षको चार पटक कलेज अनुगमन तथा निरीक्षण गर्छन् । उच्च तथा प्राविधिक शिक्षा शाखाका अधिकृत देवकुमार बरालका अनुसार शिक्षा मन्त्रालयबाट मान्यता प्राप्त नभएका शिक्षण संस्थाबाट यो कोर्स अध्ययन गरे विद्यार्थीले उच्च शिक्षाका क्रममा विदेश जान चाहिने 'नो अब्जेक्सन' पत्र पनि पाउनेछैनन् । ब्रिटिस काउन्सिलले शिक्षण सिकाइ पद्धतिमा गुणस्तर राख्न 'टिचर्स सपोर्ट साइट र ब्रोड ब्यान्ड कनेक्सन' तालिम उपलब्ध गराउँदै आएको छ । सीआईई तथा मन्त्रालयले पोखराका दुई कलेजसहित १५ कलेजलाई यो कोर्स अध्यापन गराउने सम्बन्धन तथा अनुमति प्रदान गरेका छन् ।

## खर्च

उच्च वर्गका सन्तानका निम्ति 'ए' लेभल उपयुक्त हुने भनिए पनि अहिले मध्यमवर्गीय परिवार पनि यसको भविष्य उज्ज्वल देखेर हुनसक्छ, यसतर्फ तानिएको छ । निश्चित रूपमा एसएलसीपछिका अन्य शिक्षाभन्दा 'ए' लेभल महँगो नै छ । यद्यपि प्रवेशिकामा राम्रो परिणाम ल्याउने विद्यार्थीलाई कलेजहरूले नै विभिन्न छात्रवृत्तिको व्यवस्था गरेका छन् । 'ए' लेभलको कोर्सका लागि सुविधाअनुरूप फि लिइन्छ । शिक्षा मन्त्रालयका प्रवक्ता लवप्रसाद त्रिपाठीका अनुसार फीमा अराजकता भएको कुरा अभिभावकहरूले मन्त्रालयलाई जानकारी गराए कारबाहीको प्रोसेस चाल्न सकिन्छ । नागार्जुन एकेडेमीका निर्देशक सुनिल प्रजापतिका अनुसार कलेजहरूले मासिक ४ हजारदेखि ११ हजारसम्म शुल्क लिने गरेका छन् । यस्तै भर्नाबापत १० हजारदेखि ६० हजार रुपैयाँसम्म लिने गरिएको छ । यसबाहेक परीक्षा शुल्क २५ हजारसम्म हुन्छ । दुई वर्षको 'ए' लेभल पूरा गर्दासम्म विद्यार्थीले २ लाखदेखि २ लाख ५० हजारसम्म बुझाउनुपर्छ । 'ए' लेभल अध्ययन गर्दा महँगो अनुभूति गराउने अर्को पक्ष हो– पाठ्यपुस्तक । पाठ्यपुस्तक महँगो हुने भएकाले अहिले पनि अधिकांश विद्यार्थी फोटोकपीको सहारा लिन्छन् ।


MALPI INSTITUTE
GPO BOX: 8975 EPC 4222, 397 Nursery Marg,
Lazimpat, Kathmandu, Nepal
Phone: 4418206, 4425201, E-mail: mi@mos.com.np



After your S.L.C., an opportunity in Kathmandu to study and appear for the International GCE A Level Examinations of the University of Cambridge.

Admissions Open
A Level
A. J. Wild Institute of Advanced Studies

Govt. Reg. No. 5/2061/2062
Promoted by Lumbini Educational Foundation P. Ltd.
LUMBINI International COLLEGE
ESTD. 2002
The pursuit of acholastic excellence ...
Admission Open
UNIVERSITY OF CAMBRIDGE
GCE 'A' LEVEL
- Equipped with ample facilities that cater to the academic needs of students with full fledged library and science laboratory.
- A well set of computer lab with free broadband Internet facilities.
- IELTS and TOEFL classes for students along with other regular activities.
- Specialized counseling department for students seeking higher studies abroad.

Mahalaxmisthan, Lagankhel, Lalitpur
Tel: 5527054, 5531846
E-mail: lic@vianet.com.np Website: www.lic.edu.np

MANAKAMANA INSTITUTE

# कलिउड चर्चा

## आशैआशमा



गायक निमा रुम्बा एकताका चलचित्रमा नायक बन्ने चर्चा थियो । निर्देशकद्वय युवराज लामा र नारायण पुरीले उनलाई नायक लिने घोषणा पनि गरेका थिए । पप गायनका कारण चर्चामा आएका निमालाई नायक लिँदा चलचित्रले बजार राम्रो पाउन सक्ने राय ती निर्देशकहरूको थियो, तर निमाको ठूलो पर्दाको नायक हुने सपना भने अधुरै रह्यो । दिन-प्रतिदिन व्यवसाय खस्किन थालेपछि हाल युवराज लामा चलचित्र निर्माण तथा निर्देशनबाट हात बाँधेर बसेका छन् । नारायण पुरी भने त्यो 'प्रोजेक्ट'लाई पन्छाएर अन्य निर्माताका चलचित्र बनाउँदैछन् । यद्यपि पपगायनमा निमाको चर्चा अहिले पनि त्यत्तिकै छ । उनका प्रशंसकहरू भन्छन्- 'निमा पपगायन क्षेत्रकै 'हिरो' हुन्, उनले चलचित्रकै 'हिरो' किन बन्नुपर्‍यो र ?'

## कञ्चनको चाहना

त्यसो त कञ्चन रेग्मी मोरङको खोर्सानेबाट चलचित्रमा नायिका बन्न राजधानी आएकी हुन् । उमेश मायालुसँग अभिनय तथा दिनेश अधिकारीसँग नृत्य सिक्दासिक्दै उनलाई निर्देशक रमेश बूढाथोकीले नेपाल वानबाट प्रसारण हुने टेलिश्रृंखला 'कसलाई आफ्नो भनौं' मा अभिनय



गर्न प्रस्ताव राखे । उक्त श्रृंखलामा ज्योतिको भूमिका निर्वाह गरेर उनले दर्शकमाझ राम्रो प्रभाव पारिन् । श्रृंखलाको पहिलो भाग देखि ८८ भागसम्म आइपुगेपछि उनको भूमिका समाप्त भयो । त्यसपछि उनलाई निर्देशक दयाराम दाहालले भिडियो चलचित्र 'अप-शख' मा प्रमुख भूमिकामा प्रस्तुत गरे । कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेको 'नलेखिएका साइनो' मा पनि उनले सानो भूमिका निर्वाह गरिन् । पछिल्लो समयमा कान्तिपुर टेलिभिजनकै हास्यश्रृंखला 'शंख एन्ड चक्र' मा शीतलको भूमिका निर्वाह गरेर उनले दर्शकलाई प्रशस्त मनोरञ्जन दिइन् । यसअघि गम्भीर प्रकृतिको भूमिका निर्वाह गर्दै आएकी २२ वर्षीया कञ्चनले 'शंख एन्ड चक्र' मार्फत दर्शकमाझ भिन्दै छवि स्थापित गरिन् । कञ्चनले गायक बुद्धिसागर बस्यालको 'छोरीको कर्म' संग्रहका तीन गीतका म्युजिक भिडियोमा पनि अभिनय गरिसकेकी छिन् । सानो पर्दामा काम गरेर अभिनयको स्वाद चाखिसकेपछि कञ्चन भन्छिन्– 'ठूलो पर्दामा काम गरेपछि मात्र मेरो चाहना पूरा हुन्छ ।'

## नायकको यात्रा चलचित्रमा



चलचित्रको संख्या बढ्दै गएपछि विषयवस्तुको अभाव हुनु स्वाभाविक हो । विषयवस्तुको अभाव भएपछि नयाँ विषय तथा कथा खोज्न पनि कर लाग्छ । चलचित्र लेखक विकास आचार्यले प्रदर्शनको तयारीमा रहेको एक चलचित्रको कथालाई नयाँ मोड दिने क्रममा दुई स्थापित नायकको संघर्षलाई नै पर्दामा उतार्ने सल्लाह प्रस्तुतकर्ता रामकृष्ण बजगाईंलाई दिए । तुलसी घिमिरेसँग काम गरेर चलचित्र क्षेत्रमा स्थापित भएका बजगाईंलाई आचार्यको सुझाव उचित लाग्यो । प्रदर्शनको तयारीमा रहेको चलचित्र 'लवकुश' रामकृष्ण बजगाईंले तयार पारेका हुन्, जसमा दुई नायक राजेश हमाल तथा रमित ढुंगानाको वास्तविक जीवनयात्रा समावेश छ । यो चलचित्रमा यिनै दुई नायकले प्रमुख भूमिका निर्वाह गरेका छन् । यी नायकलाई नायिकाद्वय निरुता सिंह तथा रेखा थापाले साथ दिएका छन् ।

## केश बढाउँदै छन् राजेश

तपाईंले पछिल्लो समय गायक राजेशपायल राईलाई भेट्नुभएको छ ? भेटे पनि चिन्नुभएन होला, किनभने उनले अहिले केश पालेर लामो बनाएका छन् । आधुनिक गीत गाउने गायकले किन केश पालेका होलान् ?



जिज्ञासा उठ्नु स्वाभाविक हो । राजेशपायल अचेल गीत मात्र गाउँदैनन्, चलचित्रमा अभिनय पनि गर्न थालेका छन् । भर्खरै प्रदर्शन भएको चलचित्र 'गुन्डाराज' मा राजेशपायललाई दर्शकले मन पराएपछि उनले अभिनयलाई पनि निरन्तरता दिने निर्णय गरेका हुन् । निर्माणाधीन चलचित्र 'कानुन' मा उनी मुख्य भूमिकाका लागि छनौट भएका छन् । सोही चलचित्रमा प्रमुख भूमिका निर्वाह गर्नका लागि राजेशपायलले आफ्नो केश बढाएका हुन् ।







## लभगुरु रेखा




**प्रश्न : म २२ वर्षीय पुरुष हुँ । मेरी प्रेमिका २० वर्षकी छिन् र उनी मेरो टाढाको नाता पर्छिन् । सुनिन्छ, हाडनातामा विवाह गर्नुहुँदैन रे । के अब हामीले राजीखुसीले सँगै जीवन बिताउन पाउँदैनौँ ? हामीले विवाह गरे हामीमाथि कस्तो सजाय हुन्छ ? हामी भागेर भारत जान चाहन्छौँ । हामी एक-अर्काबिना बाँच्न सक्दैनौँ ।**

**- एस.पी.टी., जनकपुर**

प्रेम गर्नु र विवाह हुनु दुई भिन्दाभिन्दै कुरा हुन् । सबै प्रेम विवाहमा परिणत हुन्छन् भन्ने पनि छैन । यो परिस्थितिमा भर पर्ने कुरा हो । जहाँसम्म तपाईंहरूबीच हाडनाता सम्बन्धको कुरा छ त्यो कानुनी दायराभित्र छ-छैन तथा समाजको प्रचलित रीतिथिति के छ, पहिले त्यसको निक्यौंल गर्नुहोस् । यसका लागि तपाईंहरूले कुनै कानुन विशेषज्ञ (अधिवक्ता) सँग सम्पर्क गर्न सक्नुहुन्छ । कतिपय जाति समुदायमा हाडनातासम्बन्धी आ-आफ्नै प्रचलन एवं रीतिथिति हुन्छन् । त्यस्तो संस्कृति एवं रीतिथितिलाई कानुनले पनि सम्मान गर्छ, तसर्थ आफ्नो नाता-सम्बन्धका बारेमा आफ्नो जाति-समुदायको मान्यता एवं प्रचलित चलनका बारेमा राम्रोसँग जानकारी लिनुहोस् । म यो किन भनिरहेकी छु भने तपाईंले टाढाको नाता पर्ने कुरा गर्नुभएको छ । हुन सक्छ, तपाईंहरूको सम्बन्ध हाडनातासम्बन्धी कानुनी एवं प्रचलित सामाजिक मान्यताको दायरामा नआओस् । तसर्थ एकपटक यो विषयमा पक्का हुनुहोस् अनि त्यसपछि मात्र कुनै निर्णयको कुरा आउँछ । यदि तपाईंहरूका लागि स्थिति अनुकूल हुन्छ भने भागेर भारत जाने स्थिति नै आउँदैन, तर यदि स्थिति प्रतिकूल छ भने यस्तो मान्यताविपरीतको सम्बन्धमा जोड नगर्नु नै उचित हुन्छ । हाडनाता विवाहको असर दीर्घकालीन एवं सन्तानमा पनि पर्छ भन्ने कुरा बिर्सनु हुँदैन ।

## गफै त हो

### कल रिसिभ

समय र परिस्थितिले मानिसलाई परिवर्तन गराउँदै लान्छ भनेको सोऱ्है आना साँचो रहेछ । चलचित्रमा अभिनय गरेर डेढ दशक बिताइसकेकी नायिका बिपना थापामा पनि समयअनुरूप परिवर्तन आइसकेको छ । विवाह नगरे पनि उमेरले भने भेट्रान बनाउने कार्यमा कहिल्यै ढिलाइ गर्दैन । उमेरले तीन दशक काट्न लागेपछि बिपनाको सोचाइ र बोलाइमा पनि परिवर्तन आइरहेको छ । लोकतान्त्रिक आन्दोलनमा सक्रिय बिपनाका भनाइहरूले सञ्चारमाध्यममा निकै महत्त्व पाए ।

लोकतान्त्रिक आन्दोलनमा खुलेर लागेकी यी नायिका कहिले कलाकर्मीहरूको आन्दोलनमा प्रहरीको लाठी भेट्थिन् भने कहिले घरनजिकै कलंकी चोकमा नाराबाजी गर्दै अश्रुग्याँसको पीरोबाट बच्न खोज्दै हुन्थिन् । देशमा शान्ति नआई मेरो मन पनि शान्त हुँदैन भन्ने यी नायिकालाई केही वर्षअघिसम्म मोबाइल गर्दा पृष्ठभूमिमा चलचित्रको छायाङ्कन स्थलको हल्ला सुनिन्थ्यो । अहिले उनको पृष्ठभूमि घर-व्यवहार भएको छ । हालै केही कुरा गर्न साप्ताहिकले उनको मोबाइल नम्बरमा सम्पर्क गर्दा दुई-तीन घण्टीमै उनको मोबाइल त उठ्यो, तर उताबाट कसैले 'हेलो' भनेन ।

निकै बेर उनको मोबाइल उठिरह्यो, तर कोही बोलेन । सायद 'रिसिभ क्यान्सिल' गर्न खोज्दा उनले मोबाइल 'रिसिभ' गर्ने स्विच थिचिन् होला । पङ्क्तिकारलाई पृष्ठभूमिमा आइरहेका आवाजहरू सुनिरहन मन लाग्यो । बिपना कसैलाई 'गीत नबजा' भनेर हकार्दै थिइन् । अनि उनी कसैलाई 'त्यो दराज खोल न' पनि भन्दै थिइन् । बिपना एक जना सानो केटो, एक जना युवती र अर्को महिलासँग गफ गरिरहेकी थिइन् । अरूको स्वर स्पष्ट नसुनिए पनि बिपनाको कुरा भने पूरै राजनीतिसँग सम्बन्धित थियो । उनको कुरागराइबाट बुझ्न सकिन्थ्यो कि उनी पूरै फुर्सदमा परिवारसँग समय व्यतीत गर्दै थिइन् । लोकतान्त्रिक आन्दोलन सफल भएकोमा उनी निकै खुसी भएको प्रस्टै थाहा हुन्थ्यो । मोबाइल बोक्नु राम्रो कुरा हो । परिवारसँग रमाइलो गर्दै बसेको बेला मन नलागेका नम्बर नउठाए पनि हुन्छ, तर रिसिभ नगर्न खोज्दा रिसिभ गर्नु भने राम्रो होइन । धन्न ! उनी पारिवारिक वातावरणमा थिइन् । कतै विशेष स्थानमा विशेष गफ गरिरहेको बेलामा त्यस्तो भयो भने... । गफै त हो ।





## सन्देश

विवशताले पिल्सिएको यथार्थ प्रेम कहानी पढेर मलाई पत्राचार गर्नुहुने सम्पूर्ण भावुक मित्र लगायत सानुमायालाई लाखौं लाख सम्झना साथै सबैमा हृदयदेखि नै आभार व्यक्त गर्दछु ।

**बुद्धिलाल लामा**

तिम्रो माया एवं सम्झना हरक्षण आइहन्छ । जब तिमी मेरो जीवनमा आयौ मेरो जीवन स्वर्ग झैं लागेको छ । म तिमीबाट चोखो माया एवं विश्वास चाहन्छु । तिमीलाई बिपनामा नभेटे पनि हरेक रात सपनामा भेटेकै हुन्छु । एकपटक फोन गर है ।

**कालो ड्रेस**

मेरो हृदयको अवाजलाई लत्याएर हिंड्न खोज्ने सञ्जु, तिमीलाई कस्तो छ ? हुन पनि हो आकाशको तारा टिप्न खोज्नु मेरो कमजोरी थियो । चाहन्थें तिमीसँग जिन्दगी बिताउन तर अभागी रहेंछु । अझै तिमीलाई बिर्सिएको छैन, केबल बिसर्ने प्रयास गर्दैछु । तिम्रो खुसीमा हाँस्न अनि रमाउन चाहने शुभचिन्तक ।

**१८,१,१३,५,१९,८**

शर्मिला, एसएलसी परीक्षामा सफलताको शुभकामना । सम्पूर्ण इच्छा, आकांक्षाहरू पूरा हुन् ।

**रमेश**

सरु, आराम रही आरामको कामना गर्दछु । मबाट अञ्जानमा कुनै गल्ती हुन गएको छ भने सरी । म तिमीलाई हृदयदेखि नै चाहन्छु ।



एकपटक फोन गर ।

**दीपेश**

एस.जी., जे भए पनि मेरो संसार तिमी मात्र हौ । मेरा भावनाहरूले तिम्रो प्रगति र निजी स्वतन्त्रतामा हस्तक्षेत्र गर्न चाहन्नँ, तर मेरो मन-मस्तिष्कमा दबिएका भावनाहरू व्यक्त नगरी म तिमीलाई कसरी बिर्सिऊँ ?

**एल.बी**

सञ्जु, के छ तिम्रो खबर ? तिमी वीरगन्ज गएपछि मलाई फोन गर्छु भनेकी थियौ, तर गरिनौ । अब चाँडै फोन गर ल ।

**तिम्रो नयाँ साथी**

कुसुम, तिमी अचेल कता हरायौ ? तिम्रो सम्झनामा म यहाँ सधैं तड्पिरहेको छु । कृपया तिमी जहाँ भए पनि मलाई एक कल फोन गर ल ।

**तिम्रो प्यारो फुच्चे**

सोनम, म तिमीलाई फेरि पनि सरी भन्न चाहन्छु । पहिलोपल्ट देखेपछि तिमीप्रति आकर्षित हुन पुगें । ओभर क्रेजी भएका कारण मबाट मिस्टेक हुन गयो । फेस टु फेस भन्न नसकेकाले यो सन्देश... ।

**पागल प्रेमी**

## कुपन सन्देश

पाउने :

सन्देश :

पठाउने :

प्रति सन्देश रु. २०/– अनिवार्य

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..................................................................

उमेर : ......................... उचाइ : ...............................

पेसा : ......................... शिक्षा : ..............................

स्वभाव : ......................... वैवाहिक स्थिति : ......................

अभिरुचि : ..............................................................

वर्ण : ..............................

इमेल : ..................................................................

ठेगाना : ................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................................................

..........................................................................

नोट : तस्बिर र नगद रु. ५०।- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## जीवनको गोरेटो

### मेरो जीवनदीप



२०६१ साल जेठ महिनातिरको कुरा हो त्यति बेला म कोटेश्वरमा आफ्ना नातागोता तथा सम्पूर्ण इष्टमित्र छाडेर बाफलमा डेरा लिई बस्न पुगें । त्यस ठाउँका सबै मानिस अनभिज्ञ, अपरिचित अनि नौला किसिमका देखिन्थे भने बिस्तारै-बिस्तारै चिन्दै अनि बोल्दै जाँदा कोही-कोही मान्छेलाई देख्दा पहिलेदेखि नै चिनेजस्तो अनि कहीं-कतै बोलिसकेको जस्तो महसुस हुन्थ्यो मलाई । एक दिन एक जना यस्ती दिदीसँग मेरो परिचय भयो जुन दिदीले मलाई आफ्नै आमाका कोखबाट जन्मिएको भाइसरह मानेर प्यारो भाइ भनी सम्बोधन गरी धेरै माया, स्नेह दिनुभयो । त्यो देख्दा मलाई यस्तो लाग्यो– रगतको नाताभन्दा भावनाको नाता धेरै ठूलो हुँदो रहेछ ।

दिदीको माया र स्नेहले गर्दा मेरी आफ्नै दिदी भन्ने मेरो सोचाइलाई हटाइदिएको छ । जुन दिनदेखि उहाँको म प्यारो भाइ बनें र साँचो माया पाएँ त्यसै दिनदेखि मैले उहाँलाई आफ्नै आमाको कोखबाट जन्मिएकी छोरी अर्थात् मेरो आफ्नै साख्खै दिदी हुनुहुन्छ भन्ने ठानें । २०६२ साल भदौ महिनाको २ गते शुक्रबार प्यारी दिदी, दाइ तथा उहाँहरूका दुई जना छोरा एवं म गरी हामी सबै जना स्वयम्भूमा पूजा गर्न गएका थियौं । बिस्तारै कुराकानी गर्दै हिँड्दै जाँदा स्वयम्भू पुगेको चालै पाएनौं । यसरी हामी स्वयम्भू पुगेर पूजाआजा सकेर घर फर्किसकेपछि मैले दिदीलाई एउटा प्रश्न गरें- दिदी, हजुरले भगवान्सँग के माग्नुभयो ?' उहाँले भन्नुभयो- भगवान्सँग मागेको कुरा कसैलाई पनि भन्नुहुन्न रे । त्यसपछि उहाँले पनि मलाई प्रश्न गर्नुभयो । मैले भगवान्सँग मागेको कुरा कसैलाई पनि भन्नुहुन्न भनेर भनिनँ, बरु मैले अर्को जन्ममा हजुर र म एउटै आमाको कोखबाट जन्मन पाऊँ भनी भगवान्सँग वरदान मागें भनें । मैले यो कुरा भनेपछि दिदीलाई पनि आफूले भगवान्सँग मागेको कुरा भन्न करै लागेछ क्यारे, त्यसपछि दिदीले पनि भन्नुभयो- मैले पनि त्यही मागें ।

**– दीपेश श्रेष्ठ**

### गुमाएपछि महत्त्व थाहा पाएँ

जीवनमा सबै कुरा सोचेजस्तो नहुँदो रहेछ । जीवनको हुरीले म एक्कासि जापान पुगें । पढाइमा राम्रो भएकाले सधैं डाक्टर-इन्जिनियर हुने मेरो सपना जापानमा काम गर्न पुगेपछि अन्त्य भयो । पहिलो वर्ष सामान्यतया राम्रै बित्यो । दोस्रो वर्षसँगै म पोखराकी एक युवतीसँग नजिकिन पुगें र त्यो सम्बन्धले प्रेमको रूप लियो । काममा जति नै कठिनाइ भए पनि उनको न्यानो माया, हेरविचार र आत्मीयताले आफन्तसँगको टाढापन पनि बिर्साउन थाल्यो । वर्षहरू पनि छोट्टिन थाले र हाम्रो प्रेम तेस्रो वर्षमा प्रवेश गर्‍यो । तेस्रो वर्षपछि त हामी एकसाथ बस्न थाल्यौं र सम्बन्धले अझ गाढापन एवं न्यानोपन दिन थाल्यो । २०६० सालमा जापान आएको पाँच वर्ष पूरा भयो र त्यसपछि हाम्रो जीवनले नराम्रो मोड लियो । हामी दुवै नेपाल फर्कियौं ।

नेपाल फर्किएपछि जापानमा बिताएका सारा क्षणहरू सम्झँदै एक-अर्कासँग फोनमा कुराकानी गर्थ्यौं । नेपाल आएपछि म आफ्नो घर चितवन र उनी पोखरा गइन् । अब हाम्रो प्रेमको माध्यम भनेको फोनमात्र थियो । हामी फोनद्वारा नै आफ्नो दुःख-सुख साट्थ्यौं । नेपाल आएपछि म उनलाई कहिले पोखरा त कहिले काठमाडौंमा भेट्थे । उनी एकपटक चितवन पनि आइन् । नेपाल आएर पनि हाम्रो सम्बन्धले डेढ वर्षको समय काट्यो । नेपाल आएपछि उनी र मबीच जातीय असमानता देखिन थाल्यो ।

म नेवार त्यसमाथि पनि एक्लो छोरा भएकाले एउटा गुरुङसेनीलाई घरमा लान सक्दिनथें । यो मेरो विवशता र बाध्यता थियो । म उनलाई धोका पनि दिन सक्दिनथें, न त उनलाई छाडेर सुखी नै रहन सक्थें । उनले गरेका ती सहयोग, विश्वास र निःस्वार्थ माया म कदापि बिर्सन सक्दिनथें । घरमा उनलाई बेलाबेलामा विवाहका लागि कर हुन्थ्यो । त्यो सबै उनी मलाई सुनाउँथिन् । उनले मेरो कारणले दुईपटक विवाह प्रस्ताव अस्वीकार गरिन् । यो समाधानको बाटो थिएन, त्यसैले मैले उनलाई अब राम्रो मौका र जीवनसाथी भेट्यौ भने विवाह गर भनें । उनी केही पनि बोलिनन् । म विवश र लाचार भएको महसुस गरिरहेको थिएँ । उनी भन्थिन्- म तिमीलाई नै पर्खिबस्छु ।

यदि बाहिर विवाह गरें भने म सुखी रहन सक्दिनँ । म नै उनलाई सम्झाउँथें, एक्लो जीवन काट्न गाह्रो छ त्यसैले मलाई नपर्खिनु । आइतबार राति यी सबै कुरा फोनमा भएपछि म मंगलबार काठमाडौं आएँ । उनले मलाई शुक्रबार काठमाडौंमा भेट्ने वाचा गरेकी थिइन् । म त्यही पर्खाइमा थिएँ तर बिहीबार म्यासेज चेक गर्न साइबर पसें । उनकी बहिनीले मेल पठाएकी थिइन्, खोलेर हेर्दा म स्तब्ध भएँ । मेरो आँखा रसाउन थाले, मनमा छट्पटी भयो र मेरा हातका औंलाहरू चिसिन थाले । मलाई यस्तो लाग्यो कि सायद म जिउँदो लास नै भएँ । लेखिएको थियो, दिदीको बुधबार अचानक विवाह भयो ।

तपाईं काठमाडौं भएकाले सम्पर्क गर्ने ठाउँ थिएन, त्यसैले दिदीले यो मेल लेखिदिनु भनेकाले यो म्यासेज लेखेकी हुँ । मलाई विश्वास लागेन र उनको घरमा फोन गरी सोध्दा बहिनीको खबर साँचो रहेछ । दिदी त दुई दिनदेखि आफ्ना श्रीमान्को



घरमा हुनुहुन्छ र चाँडै नै लन्डन जाँदै हुनुहुन्छ भन्ने खबर पाएँ । बहिनीसँग दिदीको घरको नम्बर मागें तर बहिनीले थाहा छैन भनेर मलाई पन्छाउन खोजिन् । म विवश र लाचार भएर दिदीलाई मेरो धेरै-धेरै शुभकामना सुनाइदिनु भन्दै फोन राखें । सायद त्यो घरमा मेरो अन्तिम कल थियो । आज म यति दुःखी, पीडित, एक्लो र हीनताको महसुस गरिरहेको छु । हुन त मेरै कारणले गर्दा उनले यो कदम चालिन् तर पनि मलाई थाहा छैन म किन यति दुःखी छु ? हिजोसम्म मेरी उनी, आज अरू कसैकी भएकी छिन् । सायद म अब उनलाई कहिल्यै भेट्न सक्दिनँ होला ।

आज उनी मसँग टाढा भएपछि मलाई उनको महत्त्व मेरो जीवनमा के रहेछ भन्ने कुराको महसुस भएको छ । आज यी सबै कुरा पोख्ने ठाउँ पनि छैन । उनले सधैं यो साप्ताहिक पढ्ने भएकाले म आज उनलाई आफ्नो वेदना यस स्तम्भद्वारा पुर्‍याउन चाहन्छु । आज म एक्लो भएको छु, मेरो मुटु रोइरहेको छ । उनको जीवन फलोस्-फुलोस्, अब उनले जीवनमा कहिल्यै दुःख नपाउन् । उनलाई मेरो सदा शुभकामना छ । उनी आज मबाट टाढा भए पनि म उनलाई सधैं माया एवं विश्वास गरिरहन्छु । सक्छौ भने एकपटक भए पनि मलाई फोन गर ल । जीवनको कुनै मोडमा तिमीलाई मेरो सहयोग चाहिएमा म सदैव तयार छु । म सदा तिम्रै हो, यो त केवल भाग्यको खेल मात्र हो कि आज तिमी मसँग धेरै टाढा छौ ।

**– लंगुर**

## साप्ताहिक साथी

-मिलनसार स्वभावका २४ वर्षीय खुमन खत्री हाल रोजगारीको सिलसिलामा विदेशमा छन् । नयाँ साथी बनाउन एवं पत्रमित्रता गर्न रुचाउने खुमनले एसएलसीसम्मको अध्ययन पूरा गरेका छन् । ५ फिट ५ इन्च अग्ला अविवाहित खत्री मिलनसार, दुःखको बेलामा साथ दिने,



कुरा नलुकाउने, असल, इमानदार तथा जातीय भेदभाव नराख्ने साथीको खोजीमा छन् । उनलाई पो.ब.नं.४६५१९, आबुधाबी, युएईको ठेगानामा पत्राचार गर्न सकिन्छ ।

-विद्यावारिधि गरिरहेका ३६ वर्षीय बिजु सुवेदी पेसाले एकाउन्टेन्ट हुन् । अभिनय, गायन तथा नृत्यमा रुचि राख्ने सुवेदी गहुँगोरो वर्णका छन् । ५ फिट ८ इन्च अग्ला भक्तपुरनिवासी बिजु मिलनसार स्वभावका छन् । उनलाई जीवनभर साथ दिने तथा सधैं रमाइलो गर्ने



स्वभावका साथी बनाउन मन लाग्छ । उनलाई bijusubedi@hotmail.com मा इमेल गर्न सकिन्छ ।

-२० वर्षीय कमल खड्का बिएस्सी प्रथम वर्षका छात्र हुन् । ५ फिट ५ इन्च अग्ला एवं मिलनसार स्वभावका कमल हालसम्म अविवाहित छन् । अध्ययनलाई नै आफ्नो वर्तमान पेसा मान्ने कमल समझदार, उदार, व्यावहारिक, आफूले आफैंलाई चिनेको एवं परिस्थिति बुझ्न सक्ने साथीको खोजीमा छन् । खड्कालाई khadka_lotus78@yahoo.com



मा इमेल गरी साथी बनाउन सकिन्छ ।

-२५ वर्षीय टुलक रेग्मी मिलनसार, सुखदुःखमा साथ दिने, रोमान्टिक, १६ देखि २३ वर्ष उमेर समूहका साथीको खोजीमा छन् । हाल रोगगारका लागि विदेशमा रहेका रेग्मीले एसएलसीसम्मको अध्ययन पूरा



गरेका छन् । पत्रमित्रता एवं संगीतमा रुचि राख्ने मिलनसार स्वभावका अविवाहित टुलक गहुँगोरो वर्णका छन् । ५ फिट ६ इन्च अग्ला उनलाई पो.ब.नं.२८०९६, आबुधाबी, युएईको ठेगानामा पत्राचार गरी साथी बनाउन सकिन्छ ।

-५ फिट २ इन्च अग्ला साधारण अध्ययन पूरा गरेका २१ वर्षीय श्याम लामा हँसिलो स्वभावका छन् । गोरो वर्णका श्याम भ्रमण एवं पत्रमित्रतामा



रुचि राख्छन् । नोकरीलाई पेसा बनाएका श्याम मिलनसार एवं सुखदुःखमा साथ दिने साथीको खोजीमा छन् । हालसम्म अविवाहित श्यामलाई मुनइस्ट लज, झोंसे, वसन्तपुर, काठमाडौंको ठेगानामा पत्राचार गर्न सकिन्छ ।




# समूह ईमा इटालीका प्रतिद्वन्द्वी कमजोर छैनन्

## समूह ई खेलतालिका

| मिति | टिम | स्थान |
|---|---|---|
| १२ जून | हानोभर | इटालीविरुद्ध घाना |
| १२ जून | ग्लेनकिर्सेन | चेक गणतन्त्रविरुद्ध अमेरिका |
| १७ जून | केइजरलोटर्न | इटालीविरुद्ध अमेरिका |
| १७ जून | कोलोन | चेक गणतन्त्रविरुद्ध घाना |
| २२ जून | ह्याम्बर्ग | इटालीविरुद्ध चेक गणतन्त्र |
| २२ जून | नुरेम्बर्ग | अमेरिकाविरुद्ध घाना |

विश्व फुटबल महासंघ (फिफा) को वरियता क्रम तथा विश्वकपका लागि मिलाइएको वरियता क्रमबीचको तालमेल नमिल्दा यस पटकको विश्वकपको पहिलो चरणमा दुई राष्ट्रले फिफाको वरियतामा आफूभन्दा माथि रहेका दुईवटा टिमको सामना गर्नुपर्ने भएको छ। विश्वकपमा शीर्ष आठ टिमभित्र परेको इटाली फिफाको वरियतामा सबैभन्दा माथिको टिमको सामना गर्ने एक मात्र विश्वकपको 'सिडेड' टिम पनि हो। फिफाको वरियताअनुसार १३ औं स्थानमा रहेको इटालीले समूह 'इ' मा दोस्रो वरियताको चेक गणतन्त्र तथा पाचौं वरियताको अमेरिकासँग खेल्दैछ। इटालीबाहेक फिफाको वरियतामा उच्च स्थानमा रहेको टिमविरुद्ध भिड्ने सिडेड टिम अर्जेन्टिना हो। अर्जेन्टिना समूह 'सी' मा फिफा वरियताअनुसार तेस्रो स्थानमा रहेको नेदरल्यान्डविरुद्ध भिड्दैछ।

सन् १९३४, १९३८ र १९८२ मा तीन पटक विश्वकप उठाएको इटालीले समूह 'इ' को पहिलो खेल फिफा वरियताको ४८ औं स्थानमा रहेको अफ्रिकी टिम घानाविरुद्ध खेल्नेछ।

इटालीका प्रशिक्षक मार्सेलो लिप्पी अन्य खेलभन्दा घानाविरुद्धको पहिलो खेललाई लिएर विशेष चिन्तित छन्। मार्सेलो भन्छन्, 'जहिले पनि पहिलो खेल सबैभन्दा महत्त्वपूर्ण हुन्छ। घानाविरुद्धको खेलले नै यसपटक विश्वकपका लागि हाम्रो भविष्य निर्धारण गर्नेछ।'

प्ले मेकर फ्रान्सिस्को टोट्टी ८१ दिन लामो संघर्षपछि चोटमुक्त भएर टिममा फर्किएकै समयमा फिलिप्पो इन्जाघी तथा भिसेन्जो लाक्वेन्टाको पुनः आगमनलाई इटालियन टिमको सुखद भविष्यका रूपमा हेरिएको छ। अर्कातर्फ लिग खेलको दौरान खेल मिलेमतोमा सहभागी भएको आरोप झेलिरहेका जियानलुगी बफोन इटालीयन टिमको पहिलो रोजाइका गोलकिपर हुनेछन्। त्यसबाहेक युवा तर अविश्वसनीय फरवार्ड लुका टोनी यस पटकको विश्वकपमा उदाउने दाउमा छन्।

विश्वकपमा इटालीको सहभागिता दावेदारकै रूपमा रहे पनि पेनाल्टीको मामिलामा इटाली निकै अभागी सावित हुँदै आएको छ। सन् १९८२ को विश्वकपपछि कुनै पनि प्रमुख उपाधि जित्न नसकेको इटाली त्यसपछिका तीनवटा विश्वकपमा लगतार पेनाल्टी सुटआउटका आधारमा बाहिरिएको थियो, जसमा सन् १९९४ को विश्वकपको फाइनलमा रोबर्टो बाजियोले खेर फालेको पेनाल्टी पनि सामेल छ। जापान-दक्षिण कोरिया विश्वकपको दोस्रो चरणमा भने इटाली आयोजक दक्षिण कोरियासँग गोल्डेन गोलमा पराजित भयो। यसपटक पनि प्रशिक्षक लिप्पीलाई त्यही चिन्ता छ। त्यसैले उनी दोस्रो चरणमा ब्राजिलविरुद्धको सम्भावित भिडन्तलाई टार्न चेक गणतन्त्रविरुद्ध समूहको अन्तिम खेल पनि जित्नैपर्ने दबाबमा छन्। दोस्रो चरणमा यो समूहको विजेताले र उपविजेताले क्रमशः समूह 'एफ' को उपविजेता र समूह 'सी' का विजेतासँग खेल्नुपर्नेछ। समूह 'सी' मा ब्राजिलबाहेक क्रोएसिया, अस्ट्रेलिया तथा जापान छन्।

### समूह ई

**इटाली**
**चेक गणतन्त्र**
**अमेरिका**
**घाना**

अकातर्फ चेक प्रशिक्षक कारेल ब्रक्नरले पनि इटालीभन्दा आफूलाई अमेरिका र घानाको चिन्ता रहेको बताएका छन्। चेकोस्लोभाकियाको नाममा दुई पटक विश्वकपको फाइनलमा पुगेर हारेका चेकहरू यसपटक अग्ला फरवार्ड जान कोलरको नेतृत्वमा मैदान उत्रँदैछन्। लामो समय चोटग्रस्त रहेर हालै मात्र मैदानमा फर्किएका जर्मन क्लब बोर्सिया डर्टमन्डका कोलर ६६ खेलमा ४० गोल गरेर आफ्नो देशका तर्फबाट सबैभन्दा बढी अन्तर्राष्ट्रिय गोल गर्ने खेलाडीसमेत हुन्।

अन्तर्राष्ट्रिय फुटबलबाट संन्यास लिए पनि युरोपेली छनौट चरणको प्ले अफमा आफ्नो टिमलाई सहयोग गर्न स्टार मिडफिल्डर पाभेल नेदभेद चेक टिममा फर्किएका थिए। नेदभेद नै चेक टिमका प्रमुख आशा हुन्। इङ्लिस क्लब चेल्सीका गोलकिपर पिटर चेक तथा एस्टन भिल्लाका स्ट्राइकर मिलान बारोसको साथ पाएको चेक टिम पनि इटालीजस्तै विश्वकपको दावेदारमध्येको एक हो।



चार वर्षअघि विश्वकपको क्वार्टरफाइनलमा पुगेको अमेरिकालाई कोरिया-जापानको आफ्नो सफलता संयोग मात्र होइन भनेर पुष्टि गर्ने चुनौती छ। क्वार्टरफाइनलमा पुग्ने त्यही टिमकै लन्डन दोनोभान, केस्ले केलर, क्लाउडियो रेयना, ब्रायन म्याकब्रिज आदि जर्मनी यात्राका क्रममा अमेरिकाका हतियार बन्नेछन्।

अमेरिकीहरूलाई दोस्रो चरणमा पुग्न इटाली र चेकजस्ता सशक्त दुई टिममध्ये एकलाई हराउनैपर्ने बाध्यता छ। पछिल्लो विश्वकपमा दुई गोल गरेका दोनोभान दोस्रो चरणमा ब्राजिलविरुद्ध खेल्न आफूहरू तयार रहेको बताउँछन्। सन्१९९४ मा आफ्नै मैदानमा विश्वकप आयोजना गर्दा पहिलो चरणमा ब्राजिलसँग शून्यका विरुद्ध १ गोलले पराजित अमेरिकी टिमका प्रशिक्षक ब्रुस एरेनाले विश्वकपको इतिहासमै कहिल्यै नपाएको सफलता अमेरिकाले यसपटक हात पार्ने दाबीसमेत गरेका छन्। सन् १९३४ को दोस्रो विश्वकपमा सेमीफाइनलमा पुगेको अमेरिकाले त्यसपछिको सबैभन्दा ठूलो सफलता चार वर्षअघि क्वार्टरफाइनलमा पुगेर पाएको थियो। ऐरेनाको भनाइमा विश्वास गर्ने हो भने उनीहरू यसपटक फाइनलमा पुग्नेछन्।

उता, चार पटकको अफ्रिकी नेसन्स कप विजेता घाना यसपटक विश्वकपमा सहभागिता पाउने चार नयाँ अफ्रिकी टिममध्ये एक हो। अन्य टिमजस्तै उनीहरू पनि विश्वकप जित्न चाहन्छन्। इङ्लिस प्रिमियर क्लब चेल्सीका माइकल इसेन तथा कप्तान स्टेफेन अपिया घानाका दुई मात्र नाम चलेका खेलाडीहरू हुन्।

### विश्वकप सहभागिता

**इटाली** : १९९४, १९३८, १९५०, १९५४, १९६२, १९६६, १९७०, १९७४, १९७८, १९८२, १९८६, १९९०, १९९४, १९९८ र २००२

**उपलब्धि** : विजेता तीनपटक, १९३४, १९३८ र १९८२

**चेक गणतन्त्र** : १९३४, १९३८, १९५४, १९५८, १९६२, १९७०, १९८२ र १९९०

**उपलब्धि** : उपविजेता दुई पटक, १९३४ र १९६२

**अमेरिका** : १९३०, १९३४, १९५०, १९९०, १९९४, १९९८ र २००२

**उपलब्धि** : सेमीफाइनल १९३४

**घाना** : पहिलो पटक

## विश्वकप मैदानबाहिर

### इङ्ल्यान्डका खेलाडी गिरफ्तार



विश्वकप फुटबलमा सहभागी हुने राष्ट्रका खेलाडीको सूचीमा पर्दा कुन खेलाडीलाई खुसी नलाग्ला ? अझ युरोपका खेलाडीहरू एकपछि अर्को गर्दै व्यावसायिक हुँदै गएपछि प्रशिक्षकको आँखामा पर्नु खेलाडीहरूका लागि ठूलो भाग्य मानिन्छ, तर टिममा परेको खुसीमा होस गुमाउँदा भने इङ्ल्यान्डका राष्ट्रिय खेलाडी वाइने ब्रिजको जस्तो हालत पनि हुन सक्छ। इङ्ल्यान्डको राष्ट्रिय टिममा परेको उपलक्ष्यमा नाइट क्लबमा गएर साथीहरूसँग मोजमस्ती गर्न लाग्दा वाइनेको अर्को पक्षसँग भनाभन मात्र भएन, मुक्कामुक्की पनि भयो। घटनाको भोलिपल्ट बिहान उनलाई प्रहरीले पक्राउ गर्‍यो भने उनीसँग झगडा गर्ने तीन जनालाई सोही रात पक्राउ गरिएको थियो।

### जर्मन खेलाडी घडी मर्मत तालिममा

कुनै पनि प्रतियोगितामा आफ्नो गृहमैदानमा सफलता हासिल गर्नुको आनन्द बेग्लै हुन्छ। अहिले विश्वकप फुटबल प्रतियोगिताको आयोजक जर्मनी पनि यही सोचाइमा छ। यो सोचाइलाई साकार पार्न जर्मनीका खेलाडीहरू तनावपूर्ण ढंगले प्रशिक्षण गरिरहेको अनुमान सबैले गर्ने गरेका छन्, तर त्यो सत्य होइन। जर्मनीका खेलाडीहरू अहिले विश्वकप फुटबल प्रतियोगिताका लागि अभ्यास गर्न स्वीजरल्यान्ड गए पनि उनीहरूले स्वीस घडीको मर्मत प्रशिक्षण पनि गरिरहेका छन्। विश्वकै स्तरीय घडीका रूपमा रहेको स्वीस वाच खेलाडीहरूबीच पनि लोकप्रिय छ। यहाँ निर्माण भएका बहुमूल्य घडी लगाउने चाहना युरोपका अधिकांश खेलाडीमा छ, जसका कारण जर्मन खेलाडीहरूले प्रशिक्षणपछि बचेको समयमा स्वीस वाच मर्मतको तालिम लिइरहेका छन्।

### चुनाव सार्न दबाब



आगामी विश्वकप फुटबल प्रतियोगिता आयोजना भैरहेको समयमा मेक्सिकोमा चुनावको सरगर्मी बढिरहेको हुनेछ। जून ९ गतेदेखि हुने विश्वकप फुटबल प्रतियोगिता जुलाई ९ तारिखसम्म जारी रहनेछ। विश्वकप फुटबल प्रतियोगिता चलिरहेको समयमा मेक्सिको राष्ट्रपति निर्वाचनको तयारीमा हुनेछ। मेक्सिको सरकारको योजनाअनुसार जुलाई २ तारिखमा त्यहाँ राष्ट्रपति पदको निर्वाचन हुनेछ। समूह 'डी' मा रहेको मेक्सिकोले जून ११ तारिखमा पहिलो खेल इरानविरुद्ध खेल्नेछ। मेक्सिकोमा राष्ट्रपतिको निर्वाचनका लागि मतदान हुने बेलामा विश्वकप फुटबल प्रतियोगिता क्वाटर फाइनल चरणमा प्रवेश गरिसकेको हुनेछ। विश्वकप फुटबल प्रतियोगिताको समयमा हुन लागेको राष्ट्रपति निर्वाचन सार्न अहिले त्यहाँका जनताले आग्रह गर्न थालेका छन्।

### बियर पिउन छुट

जर्मनीमा विश्वकप फुटबल प्रतियोगिता आयोजना हुने अनि त्यहाँ आएका दर्शकले बियर खान नपाउने ? यो कुराको कल्पना कसैले गर्न सक्दैनन्। जर्मनीको यही विशेषतालाई कायम गर्दै त्यहाँको सरकारले प्रतियोगिताको समयमा बियर सजिलै किन्न सकिने व्यवस्था मिलाएको छ। विश्वकप प्रतियोगिता सञ्चालन हुने १२ वटै रंगशालाबाहिर दर्शकले सजिलै बियर किन्न सक्नेछन्। यसअघि जर्मनीले दर्शकबीच झगडा हुन सक्ने सम्भाव्यतालाई ध्यानमा राख्दै मैदानबाहिर बियर किनबेच गर्न प्रतिबन्ध लगाउने घोषणा गरेको थियो।



### टेलिभिजन फुटे नयाँ दिइने

तपाईंलाई इङ्ल्यान्डले विश्वकप फुटबल जित्ने कुरामा कत्तिको विश्वास छ ? यदि विश्वास छ भने ठीकै छ, तर विश्वास छैन र इङ्ल्यान्डले जितेको हेर्न नसकेर टिभी फुटाउनुभयो भने पनि पीर नगर्नुहोस्, स्कटल्यान्डका एक टेलिभिजन व्यापारीले आगामी विश्वकप फुटबल प्रतियोगिता हेर्दा इङ्ल्यान्डले जितेको हेर्न नसकेर तपाईंले टिभी फुटाउनुभयो भने उपहारका रूपमा नयाँ टेलिभिजन पाउनुहुनेछ। इङ्ल्यान्डको फुटबललाई पटक्कै मन नपराउने ती व्यापारीले स्कटल्यान्ड विश्वकपको छनौटमा तेस्रो भएपछि यो योजना अघि सार्ने मनस्थिति बनाएका थिए। अन्ततः उनले विश्वकप प्रारम्भ हुनुभन्दा केही समयअघि आफ्नै लगानीमा सुरु गरेको यो योजना २० जना ग्राहकमा मात्र सीमित थियो। १ हजार पाउन्ड पर्ने टेलिभिजनमा राखिएको यो योजनालाई अहिले इङ्ल्यान्डका समर्थकले आफूलाई होच्याउने प्रयासका रूपमा लिएका छन्।

### सबै रंगशालामा टेलिभिजन

विश्वकप फुटबल प्रतियोगिता सञ्चालन हुने जर्मनीका सबै रंगशालामा विशाल टेलिभिजन स्क्रिनहरू जडान गरिने भएको छ। चर्को मूल्यमा टिकट काटेर रंगशालामा प्रवेश गरेका दर्शकले मैदानमा आफ्नो समर्थक राष्ट्रलाई हौसला दिने क्रममा कतिपय महत्त्वपूर्ण क्षण हेर्न नपाउने गुनासो गर्न थालेपछि आयोजक समितिले टेलिभिजनका विशाल स्क्रिनहरू जडान गर्न लागेको हो। आयोजक समितिका अनुसार प्रतियोगिता आयोजना हुने सबै रंगशालामा विशाल स्क्रिन राखिन लागेको यो पहिलो अवसर हो। विश्वकप आयोजक समितिका अनुसार जापान र दक्षिण कोरियाले संयुक्त रूपमा आयोजना गरेको विश्वकप फुटबल प्रतियोगितामा केही रंगशालामा यस्ता टेलिभिजन स्क्रिनहरू राखिएको थियो।



# समूह एफमा ब्राजिललाई सजिलो बाटो




### विश्वकपमा सहभागिता

**ब्राजिल** : १९३०, १९३४, १९३८, १९५०, १९५४, १९५८, १९६२, १९६६, १९७०, १९७४, १९७८, १९८२, १९८६, १९९०, १९९४, १९९८ र २००२
**उपलब्धि** : बिजेता पाँच पटक, १९५८, १९६२, १९७०, १९९४ र २००२
**जापान** : १९९८ र २००२
**उपलब्धि** : दोस्रो चरण- २००२
**क्रोएसिया** : १९९८ र २००२
**उपलब्धि** : तेस्रो स्थान १९९८
**अस्ट्रेलिया** : १९७४

कतिपय विश्लेषकहरूले डिफेन्डिङ च्याम्पियन ब्राजिलले नै यस पटक पनि विश्वकप जित्ने ठोकुवा गरेका छन् । आम प्रशंशकहरूले मात्र होइन, ब्राजिलकै प्रतिद्वन्द्वी टिमहरूले पनि उसैलाई सम्भावित विजेताका रूपमा हेरेका छन् । ब्राजिल पनि छैटौं पटक विश्वकप उठाउने दाउमा छ ।

खेलाडीको फर्मको हिसाबले पनि हालसम्मका सबै विश्वकपमा खेल्ने एक मात्र टिम ब्राजिल कमसेकम जापान, अस्ट्रेलिया र क्रोएसिया रहेको समूह 'एफ'मा शीर्षस्थानमा रहेर दोस्रो चरणमा पुग्ने निश्चित छ ।

ब्राजिलकै लागि तीनवटा विश्वकप खेलिसकेका जापानका ब्राजिलियन प्रशिक्षक जिकोको धारणा के छ भने ब्राजिलका लागि यो समूह खतरनाक सावित पनि हुन सक्नेछ । जिको चार वर्षअघि गृहमैदानमा जस्तै यसपटक पनि समूह विजेताका रूपमा जापानले दोस्रो चरणमा प्रवेश पाउने कुरामा आशावादी छन् । ब्राजिलको कुरा छोड्ने हो भने बाँकी तीनवटै टिमका स्टारहरू यतिबेला युरोपका नाम चलेका क्लबमा आवद्ध रहेका कारण पनि जापान, क्रोएसिया अन्तिम १६ मा पुग्न सक्छन् । समूहमा फिफाको वरियताअनुसार विश्व नम्बर एक ब्राजिलपछि समूहमा सबैभन्दा माथि (१८ औं स्थानमा) रहेको जापान आयोजक जर्मनीपछि विश्वकपका लागि छनौट हुने पहिलो टिम पनि हो ।

जिकोको शब्दमा समूह 'एफ' मा ब्राजिलाई हराउनु प्रत्येक टिमको सपना हो र त्यो दोस्रो चरणमा पुग्न निर्णायक सावित हुनेछ ।

### समूह एफ

**ब्राजिल**
**क्रोएसिया**
**जापान**
**अस्ट्रेलिया**

जून १२ मा अस्ट्रेलियाविरुद्धको खेलसँगै जापानले १८ औं विश्वकपको प्रारम्भ गर्नेछ भने त्यसको एक दिनअघि नै १९९८ को विश्वकपमा तेस्रो स्थान हासिल गरेको क्रोएसियाले डिफेन्डिङ च्याम्पियन ब्राजिलको सामना गरिसकेको हुनेछ । समूहको अन्तिम खेल जून २२ मा जापान तथा ब्राजिल बीच हुनेछ ।

ब्राजिलका रोनाल्डो, रोनाल्डिन्हो, एड्रियानो तथा काकाजस्ता व्यक्तिगत रूपमा विशेष क्षमतासहितका खेलाडी नभए पनि जापानसँग युरोपका शीर्ष लिगमा खेल्ने खेलाडीको कमी छैन । इङ्लिस क्लब बोल्टोन वन्डरसका हिडेतोसी नाकाता, नेदरल्यान्डको फेइनुर्डका पूर्व खेलाडी सिन्जी ओना, स्कटल्यान्डको सेल्टिकका सुनसुके नाकामुराजस्ता स्टारले जापानलाई माथि उठाउन प्रयास गर्नेछन् । यद्यपि उनीहरू यो समूहमा निकै कडा प्रतिस्पर्धा गर्नुपर्ने निश्चित छ ।



विश्वकपजस्ता प्रतियोगिताको निकै कम अनुभव बोकेको अस्ट्रेलियन टिमका डच प्रशिक्षक गुस हिडिन्क आफ्नो पछिल्लो सफलतालाई यसपटक पनि दोहोऱ्याउन सक्छन् ।

### समूह एफ खेल तालिका

| मिति | खेल | स्थान |
|---|---|---|
| ११ जून | बर्लिन | ब्राजिलविरुद्ध क्रोएसिया |
| १२ जून | केइजरलोटर्न | जापानविरुद्ध अस्ट्रेलिया |
| १८ जून | म्युनिख | ब्राजिलविरुद्ध अस्ट्रेलिया |
| १८ जून | नुरेम्बग | जापानविरुद्ध क्रोएसिया |
| २२ जून | डर्टमण्ड | ब्राजिलविरुद्ध जापान |
| २२ जून | स्टुटगार्ट | क्रोएसियाविरुद्ध अस्ट्रेलिया |

आफ्नै प्रशिक्षणमा सन् १९९८ मा नेदरल्यान्ड तथा सन् २००२ मा दक्षिण कोरियालाई सेमीफाइनल सम्म पुऱ्याएका हिडिन्क अस्ट्रेलियालाई कहाँसम्म पुऱ्याउन सफल हुनेहुन् त्यो समयले बताउनेछ । हालै पीएसभी इन्डहाइभनलाई डच लिग जिताएर अस्ट्रेलिया पुगेका हिन्डिकको लक्ष्य निकै उच्च छ ।

दक्षिण अमेरिकी क्षेत्रको छनौट खेलमा पाचौं स्थानमा रहेको उरुग्वेविरुद्धको प्लेअफ पेनाल्टी सुटआउटमा जितेर ३२ वर्षपछि विश्वकपका लागि छानिएको अस्ट्रेलियाका फरवार्ड मार्क भिडुका, मिडफिल्डर जोसिप कोको तथा डिफेन्डर टोनी पोपोभिक इङ्लिस क्लबहरूबाट खेल्छन् । उनीहरूले नै अस्ट्रेलियाको प्रदर्शनमा निर्णायक भूमिका खेल्ने अपेक्षा गर्न सकिन्छ ।

सन् १९९८ मा पहिलो पटक विश्वकपमा सहभागी भएर क्वार्टरफाइनलमा पुगेको क्रोएसिया सन् २००२ मा पहिलो चरणबाटै घर फर्किनुपरेको पीडालाई बिर्साउने प्रयासमा छ । युरोपेली क्षेत्रको छनौट खेलमा अपराजित रहेर टिमलाई विश्वकपमा पुऱ्याउन प्रमुख भूमिका खेल्ने प्रशिक्षक लात्को क्रान्जकार मिडफिल्डमा खेल्ने आफ्ना छोरा निको क्रान्जकार तथा फरवार्ड डाडो प्रासोमाथि निकै विश्वास गर्छन् ।

समूह 'एफ'मा दोस्रो चरणभन्दा माथि पुग्ने सोचाइ बनाउने टिम सम्भवतः ब्राजिल मात्र हो । प्रशिक्षक कार्लोस अल्बर्टो परेरा सन् २००२ को फाइनल रि-म्याच्को पक्षमा छन् । चार वर्षअघि भएको फाइनलमा ब्राजिलले जर्मनीलाई शून्यका विरुद्ध २ गोलले हराएर पाचौं विश्वकप उपाधि हासिल गरेको थियो । यसपटक पनि जर्मनीसँग उनीहरूको भेट सेमीफाइनलमा हुन सक्ने सम्भावना छ ।

## विश्वकप मैदानभित्र



## पोर्चुगलद्वारा पुरस्कारमा कीर्तिमान

आफ्नो राष्ट्रले विश्वकप जितोस् भन्ने चाहना कसलाई पो नहोला ? यो चाहना सबैले राखे पनि यसलाई सफल बनाउन खेलाडीहरूको मनोबल बढाउनैपर्छ । यही कुरा बुझेर पोर्चुगल फुटबल महासंघले हालै आफ्नो टिमले विश्वकप फुटबल प्रतियोगिता जिते खेलाडीहरूलाई दिइने पुरस्कार राशिमा अहिलेसम्मकै कीर्तिमान कायम गरेको छ ।

पोर्चुगल फुटबल महासंघले यदि खेलाडीहरूले विश्वकप जिते उनीहरूलाई आलिसान घर, महँगो कार किन्ने रकम दिनुका अतिरिक्त प्रत्येक खेलाडीलाई २ करोड ५० लाख रुपैयाँ नगद दिने घोषणा गरेको छ ।

## बहुलाएमा तेह्र करोड चालीस लाखको बिमा



धेरैले आगामी विश्वकप फुटबल प्रतियोगिता इङ्ल्यान्डले जित्ने दाबा गरिरहेका छन् । इङ्ल्यान्डले फाइनल चरणमा प्रवेश पाएको प्रत्येक विश्वकप फुटबल प्रतियोगितामा यस्तै किसिमको दाबा हुँदै आएको छ तर सन् १९६६ मा आफैंले आयोजना गरेको विश्वकप फुटबल प्रतियोगितामा सफलता पाएपछि इङ्ल्यान्डले अहिलेसम्म त्यस्तो सफलता दोहोऱ्याउन भने सकेको छैन ।

अहिले पनि अंग्रेजहरू इङ्ल्यान्डले विश्वकप जित्ने कुरामा ढुक्क छन् तर पनि केही समर्थकहरू उक्त कुरामा विश्वस्त हुन सकिरहेका छैनन् । इङ्ल्यान्डले सफलता पाउने आशाका साथ जर्मनी पुग्ने समर्थकहरू पहिलो चरणबाटै बाहिरिनुपऱ्यो भने त्यसको चोट सहन नसकी बहुलाउन सक्ने भयले उनीहरूले १३ करोड ४० लाख रुपैयाँ बराबरको बिमा गरेका छन् । ३४ वर्षीय पाउल वभरले स्थानीय ब्रिटिस इन्स्योरेन्स लिमिटेडमा आफ्नो बिमा गराएका छन्, तर उनले बिमित रकम हात पार्न ५ जना फुटबल समीक्षकबाट इङ्ल्यान्डको फुटबलको प्रदर्शनका बारेमा जानकारी दिनुपर्नेछ भने उनले आफू मानसिक रूपमा विचलित भएको पर्याप्त चिकित्सकीय प्रमाणसमेत पेस गर्नु पर्ने हुन्छ ।

## टोगो जर्मनी पुग्ने पहिलो राष्ट्र

आगामी विश्वकप फुटबल प्रतियोगितामा सहभागिता गर्ने कुराले टोगो सबैभन्दा खुसी देखिएको छ । विश्वकप फुटबलजस्तो विश्वकै सबैभन्दा ठूलो प्रतियोगिता खेल्न पाउनु आफैंमा ठूलो कुरा हो । त्यसमा पनि पहिलो पटक विश्वकप फुटबल प्रतियोगितामा सहभागिता गर्न पाउनु नै टोगोका लागि सबैभन्दा बढी खुसीको कुरा भएको छ । यही खुसीका कारण टोगो प्रतियोगिता आयोजना



हुनुभन्दा एक महिनाअघि नै जर्मनी पुगिसकेको छ । टोगो सबैभन्दा पहिले जर्मनी पुग्नुको कारण त्यहाँको हावापानीसँग आफ्ना खेलाडीहरूलाई घुलमिल गराउनु हो ।

## अमेरिकी सुरक्षा रणनीति



विश्वमा बढ्दो आतंकवादबाट सबैभन्दा बढी अमेरिकीहरू त्रसित छन् । आतंकवादीको मुख्य तारो अमेरिकी नै भएका कारण अमेरिकाले हरहमेसा सुरक्षाको विशेष प्रबन्ध गर्ने गरेको छ । आगामी विश्वकप फुटबल प्रतियोगिताको फाइनल चरणमा प्रवेश पाएको अमेरिकाले आतंकवादीको सम्भावित आक्रमणबाट जोगिन आफ्ना खेलाडीहरूले यात्रा गर्ने सवारी साधनहरूमा आफ्नो राष्ट्रको झन्डा प्रयोग गर्नेछैन । आयोजक समितिले गत साता विश्वकप फुटबल प्रतियोगितामा सहभागी हुने राष्ट्रका खेलाडीहरू चढ्ने बस सार्वजनिक गर्ने क्रममा उक्त कुराको जानकारी गराएको हो । आगामी विश्वकप फुटबल प्रतियोगितामा सहभागिता गर्ने ३१ राष्ट्रका बसमा भने सम्बन्धित देशको झन्डा प्रयोग गरिने छ ।

## काहन अझै खेल्ने



जर्मनीले आफ्ना भेट्रान गोलकिपर ओलिभर काहनलाई दोस्रो गोलकिपरका रूपमा छनौट गरेपछि उनले सायद अन्तर्राष्ट्रिय फुटबलको क्षेत्रबाट संन्यासको घोषणा गर्ने चर्चा चलेको थियो, तर काहान भन्छन्- म स्वस्थ छु र जर्मन टिमलाई योगदान दिन सक्छु । ४० वर्षका काहानले हालै आफू विश्वकप फुटबल प्रतियोगितापछि पनि केही अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्ने जनाएका छन् । काहान भन्छन्- 'म शारीरिक रूपमा स्वस्थ्य छु । टिममा दोस्रो छनौटमा पर्दैमा संन्यास लिइहाल्नुपर्ने कुनै अवस्था छैन, किनकि मैले इटालीका गोलरक्षक डिनो जोफको आर्दशलाई पछ्याएको छु ।

## ५ प्रश्न



**राकेश श्रेष्ठ, नेपाली राष्ट्रिय टिम तथा महेन्द्र पुलिस क्लबका पहिलो रोजाइका रक्षक । सन् १९९८ मा थाइल्यान्डको बैंककमा सम्पन्न तेह्रौं एसियाली खेलसँगै अन्तर्राष्ट्रिय खेलजीवन प्रारम्भ गरेका २८ वर्षीय लिबेरो राकेश त्यसपछि निर्विवाद रूपमा नेपालकै सर्वोत्कृष्ट रक्षकका रूपमा स्थापित भएका छन् । गत पुसमा पाकिस्तानको कराँचीमा सम्पन्न दक्षिण एसियाली फुटबल च्याम्पियन्सिपका क्रममा घाइते भएका राकेश त्यसपछि अहिलेसम्म मैदान बाहिर छन् । चोटकै कारण गत महिना बंगलादेशमा सम्पन्न एएफसी च्यालेन्ज कपमा सहभागी हुन नपाएका राकेश अब भने स्वस्थ भएका छन् ।**

**१ विश्वकप कसरी हेर्दै हुनुहुन्छ ?**
फुटबललाई नै आफ्नो क्यारियर बनाएका मजस्ता खेलाडीका लागि चार-चार वर्षमा आयोजना हुने विश्वकप एउटा महोत्सव नै हो । यो महोत्सवका सबै खेल सम्भव भएसम्म हेर्ने सोचाइमा छु । खेलाडी भएको नाताले म खेलको प्राविधिक पक्षमा नै बढी ध्यान दिनेछु ।

**२ तपाईंलाई मनपर्ने टिम कुन हो ?**
अर्जेन्टिना, यसपटक पनि मेरो सपोर्ट अर्जेन्टिनालाई नै जान्छ, तर यतिबेला यो टिम पहिलेको जस्तो राम्रो छैन भने पहिलेजस्तो स्टार खेलाडीहरू पनि छैनन् उनीहरूसँग । छनौट चरणका खेलमा त्यति राम्रो प्रदर्शन गर्न नसके पनि अर्जेन्टिनाले राम्रो गर्ला भन्ने आशा त छ नै । तैपनि अर्जेन्टिनाबाट मैले खासै ठूलो आशा राखेको छैन ।

**३ त्यसो भए विश्वकप कसले जित्ला ?**
युरो कप जितेको ग्रिसजस्तो टिम छानिन सकेन । अर्कातर्फ छनौट खेलमा एकसे एक प्रतिद्वन्द्वीलाई पाखा लगाएर छानिएका ३२ टिम सबै उस्तै छन्, तर पनि यतिबेला ब्राजिल सबैभन्दा राम्रो सम्भावना भएको टिम हो । विश्वकै उत्कृष्ट खेलाडीहरूको समायोजन रहेको ब्राजिल नै पहिलो नम्बरको दाबेदार हो । त्यसबाहेक, इङ्ल्यान्ड पनि राम्रो टिम हो भने जर्मनीलाई गृहमैदानको फाइदा हुनेछ । कसैले पनि ध्यान नदिएको इटाली यसपटक सबैभन्दा सन्तुलित छ र मैले पनि इटालीलाई विश्वकप जित्न सक्ने टिमका रूपमा लिएको छु ।

**४ एसियाको प्रदर्शन कस्तो रहला ?**
विश्वकपका लागि छानिएका चार एसियाली राष्ट्र जापान, इरान, दक्षिण कोरिया तथा साउदी अरेबियामध्ये सबैलाई आश्चर्यमा पार्न सक्ने टिम कोरिया हो । पछिल्लो पटक गृहमैदानमा भएको विश्वकपको सेमिफाइनलमा पुगेर सबैलाई आश्चर्यमा पारेको कोरियाले यसपटक त्यस्तै नतिजा दिन सक्छ ।
त्यसअघि सधैं निराश भएर फर्कने एसियाली टिमहरूले गृहमैदानमा देखाएको चमत्कारपछि आशा गर्ने ठाउँ पनि प्रशस्त छ । अर्कातर्फ जर्मन लिग बुन्डेसलिगातर्फ हामीले खासै ध्यान दिएका छैनौं, त्यहाँ जमेका इरानी खेलाडीहरूले परिचित मैदानमा तहल्का मच्चाउन सक्छन् ।

**५ कुन टिमले अप्रत्याशित नतिजा दिन सक्ने आशा गर्नुभएको छ ?**
पहिलेजस्तो यसपटक अप्रत्याशित नतिजा दिने खासै टिम देखिँदैनन् । तैपनि युरोकपको फाइनलमा पुगेको पोर्चुगल यसपटक विश्वकप उचाल्ने नयाँ टिम बन्न सक्छ, त्यो नभएमा उनीहरूले सम्मानजनक उपलब्धि हासिल गर्लान् भन्ने आशा छ । मेरो दृष्टिमा पोर्चुगलले विश्वकप नै जित्यो भने आश्चर्य नमाने हुन्छ ।




## जर्मनी नजान अनुरोध



जर्मनीमा विश्वकप फुटबल प्रतियोगिता आयोजना हुने भनेपछि कसलाई पो त्यहाँ जाने रहर नलाग्ला ? अहिले सबैको ध्यान नै जर्मनीमा छ । जर्मनी जाने चाहना बढ्दै गएपछि थाइल्यान्डका मानवअधिकारवादीहरूले आफ्नो देशका यौनकर्मीहरूलाई जर्मनी नजान अनुरोध गर्न थालेका छन् । विश्वकपको समयमा हजारौं यौनकर्मीले जर्मनीलाई डेढ महिना आफ्नो व्यापार गन्तव्य बनाउन थालेपछि ती अधिकारवादीहरूले आफ्नो देशका यौनकर्मीहरूलाई सजग गराएका हुन् । ती संस्थाले उनीहरूलाई थाइल्यान्डको तुलनामा बढी आम्दानी हुने भए पनि त्यहाँ बढी खतरा भएको र भाषाका कारण अप्ठ्यारो स्थिति आउने बताएका छन् । जर्मन सरकारका अनुसार विश्वकपताका पूर्वी युरोपबाट मात्र करिब ४० हजार यौनकर्मी जर्मनी आउने अनुमान गरिएको छ ।







